'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

४१/४२

वर्ष १०, अंक २-३ | बुद्ध सम्वत् २५६६ | ने.सं. ११४३ कछलाथ्व | वि.सं. २०७९ कार्तिक २२ सकिमना पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष [illegible]/अङ्क २-३ | बुद्ध सम्वत् [illegible] | नेपाल संवत् [illegible] काठमाडौं

वि.सं. २०७९ कार्तिक [illegible] सकिमना पुन्ही

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
राजन सिमाख्वा

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३

Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-



## यसभित्र


| | | |
|---|---|---|
| बुद्धको अनात्मवाद-एक दृष्टि | भिक्षु अश्वघोष | ३ |
| बोधि प्राप्ति २ | चित्तधर हृदय | ८ |
| भारतमा बुद्ध-धर्मका एक प्रमुख प्रचारक-भद्दन्त एल. आर्यवंश नायक महास्थविर | रत्नसुन्दर शाक्य | १२ |
| स्तूपको ऐतिहासिक महत्व | | १७ |
| बुद्ध धर्म दर्शन र संस्कृति सापेक्षिक शाक्यहरूका प्रवज्याभिषेक सम्पन्न भएको संस्मरण | तेजरत्न शाक्य | २१ |
| मानव समाजको विकास २ | सं.चन्द्रबहादुर उलक | २६ |
| बौद्ध दर्शन र आमसञ्चारको पाचौ शान्ति सिद्धान्त | *श्याम रिमाल* | ३४ |

# प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा सम्यक दृष्टिको आवश्यकता

आज देश चुनावमय भएको छ । कार्यालय, शिक्षालय, देवालय, चियापसल, प्रभातफेरी, जीवनयापनका सबै क्षेत्रहरूमा चुनावकै चर्चा भइरहेको छ । गल्ली, चोक, सडकहरूमा अखबार, पत्रपत्रिकाहरूमा २०७९ मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनावले छाएको छ । अनलाइन खबर र फेसबुकका भित्ताहरू पनि चुनावकै विषयले पोतेको छ । तीन वर्षअघि प्रकोपको रुपमा आएको कोरोना महामारी र हालको डेङ्गु रोगले अझै नेपाली जनता तङ्ग्रिन पाएका छैनन् । विभिन्न सङ्कटहरूले गिजोलिएको अवस्थामा आम चुनाव हुँदै छ । हाम्रो देशको यस्तो अवस्थामा बौद्ध जगत र बौद्ध दर्शन अलग्ग धर्मको रूपमा मात्रै रहन सक्तैन । देशको हालको परिस्थितिमा बौद्ध दर्शन अध्ययन समाज 'अर्हत्' त्रैमासिकको माध्यमबाट ढिलै भए पनि यो दोस्रो र तेस्रो संयुक्त अङ्क लिएर पाठक महानुभावहरूसँग जोडिन पुगेको छ । समय र परिस्थितिअनुसार 'अर्हत्' को प्रकाशन प्रभावित भएको हामीले स्वीकार्नै पर्छ । यसको निरन्तरताको निम्ति हाम्रो प्रयास जारी छ । सम्पूर्ण सहयोगीहरूको हातको हामी अपेक्षा राख्दछौं ।

बुद्धजस्ता विभूतिको जन्मथलो नेपाल प्राचीनकालदेखि शान्ति र स्वतन्त्र मुलुकको रुपमा रहिआएको छ । तर, ठूला शासक दलका नेताहरले बुद्धको शिक्षा र सन्देशविपरीत आचरण देखाएबाट मुलुक सङ्कटमा पुगेको छ। बुद्धले प्रतिपादन गरेको पञ्चशीलको एउटा महत्त्वपूर्ण शील झूटो कुरा नबोल्नु हो । जो मानिस झूटो बोलेर अरुलाई धोका दिने काम गर्छ उसको भरोसा र विश्वास कसैले पनि गर्दैन । समाज बनाउन सत्य बचनको निकै महत्त्व हुन्छ । तर ,आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा झूटो बचन बोलेर असम्भव सपना बाँड्दै छन् । यसले गर्दा शासक दलहरूप्रति जनताको थप घृणा पैदा हुँदै छ । काम केही नगर्ने, झूटो आश्वासन दिन पनि नछोड्ने नेताहरूबाट के आशा गर्ने ? छलकपटमा विश्वास गर्ने दलहरू सहमतिको कुरा पनि गर्ने, आपसमा घातप्रतिघात गर्न पछि पनि नपर्ने देखिएको छ ।

विगतमा पटकपटक सरकारमा गएका राजनीतिक पार्टीहरूले जनताको पक्षमा निर्वाचनको बेला गरेको प्रतिबद्धताअनुसार काम गरेको भए राजनीतिप्रति जनताको वितृष्णा हुने थिएन । फोस्रो आश्वासन दिएर जनतालाई शासक दलहरूले पटक-पटक ढाँटे । जुन जोगी आए पनि कानै चिरेका भनेजस्तै जनतामा निराशा छाएको छ । त्यस्तै कतिपय मतदाताले जित्नेलाई भोट भन्ने भ्रम पालेको छ । विगतमा यस्तै भ्रम र आश्वासनमा फसेर मतदाताले गलत उम्मेदवारलाई जिताए । विगतको त्यो गल्तीको कारण आज नेपाली जनताले दु:ख भोगिरहेका छन् ।

आज देश विस्तारवादी भारत र साम्राज्यवादी अमेरिकी सरकारको दबाब र प्रभावमा चलिरहेको छ। जनताले गलत व्यक्तिहरूलाई जिताएको कारण एमसीसी र नागरिकता विधेयक जस्ता जनविरोधी काम संसद्बाट पारित भयो। बहुदलपछि सरकारमा गएका नेका, एमाले र माओवादी दलहरूले पालैपालो शासन गरे । आज हाम्रो देश दिनानुदिन खस्किँदै गइरहेको छ । आफूहरूको हातमा सत्ता रहेको बेला विकास र समृद्धिको सङ्केतसम्म नदेखाउने अनि निर्वाचनको बेला जनतालाई विकास, समृद्धि र सुशासनको मिठो आश्वासन बाँड्ने, गलत परम्परा अबको निर्वाचमा तोड्नु पर्छ ।


गठबन्धनको नाममा आफ्नो सिद्धान्त नै त्यागेर शासक दलहरूले मतदाताको आस्था, विवेक र इमानदारीमै आघात पुऱ्याएका छन् । सिद्धान्तहीन गठबन्धन सरकारले पालैपालो भ्रष्टाचार र अनियमित काम गरिरहेको अब कसैबाट छिपेको छैन । फेरी हामीले गलत दल र उम्मेदवारलई नै मत दिन पुग्यौं भने त्यसको दोषी अरु कोही होइन हामी आफैं हुन्छ । कुकुरलाई मासु पैंचो दिने, पछि फर्काएन भन्नु त आफैं हुस्सु हुनु होइन र ?

आज दलहरू सत्ता प्राप्तिको लागि एकातिर शेरबहादुर देउवा र अर्कोतिर केपी ओलीको नेतृत्वमा छुट्टाछुट्टै गठबन्धन गरी चुनाव लड्दै छन् । भोलि यिनीहरू सरकारमै गए भने आपसी भागबन्डाको खिचलोले देशलाई फेरि अनिर्णयको बन्दी बनाइने सम्भावना त्यतिकै छ । झूटो आश्वासन, लोभलालच, चिप्ला कुरामा विश्वास गर्ने अनि पछि पछुताउने काम मतदाताहरूले नै गर्छन् । ठगले ठग्नु, चोरले चोर्नु स्वाभाविक कुरा हो । हामी आफ्नो दायित्वबाट चुकेपछि, कर्तव्य भुलेपछि, मत दिनुअघि गम्भीर भएर नसोचेपछिको परिणाम हामीले भोग्नै पर्छ । यसरी सचेत नभएर दिएको हाम्रो मत गलत दल र उम्मेदवारको लागि देशघात, भ्रष्टाचार, शोषण दमनको लागि लाइसेन्स बन्छ । मताधिकार देश बिगार्ने र सपार्ने साँचो हो । त्यसैले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने , लोभलालचमा नफस्ने, शत्रुको अगाडि नझुक्ने, एक्लै भए पनि संसद् र प्रदेशसभामा गएर आवाज बुलन्द गर्ने सिद्धान्तनिष्ठ पार्टीका असल उम्मेदवारहरूलाई हामीले जिताउनु पर्छ । संसद् र प्रदेशसभामा देश र जनताको सेवा गर्ने प्रतिनिधिहरूको अभावकै कारण देशघाती सम्झौता र नागरिकता विधेयक पारित भयो । देशलाई जोगाउन र सुख समृद्धिको देश बनाउन असल जनप्रतिनिधिहरूको खाँचो छ ।

यो निर्वाचनको सँघारमा बुद्धको अष्टाङ्गिक मार्गमा उल्लेख भएजस्तै सम्यक दृष्टि ,सम्यक सङ्कल्प, सम्यक वचनको हेक्का हामीले किन नराख्ने ? अस्तु ।

*भवतु सब्ब मङ्गलम*

# बुद्धको अनात्मवाद-एक दृष्टि



✍ भिक्षु अश्वघोष

आत्मावाद र अनात्मवाद गम्भीर र विवादास्पद विषय हो । म यस विषयको वादविवादमा अल्झिरहने पक्षमा छैन । तर यो एउटा अध्ययनको विषय चाहिं पक्कै भएको हुनाले यही विषयमा मैले यो लेख लेख्न लागिरहेको छु । बुद्धको अनात्मवादबारे मैले जाने बुझे अनुसारको धारणा मात्र पोख्न चाहेको छु । त्यसैले यो ठीक पनि हुन सक्छ । बेठीक पनि हुन सक्छ । ठीक छ वा छैन आ-आफ्नो दृष्टिमा भर पर्छ ।

गौतम बुद्धले कसैलाई दु:खबाट मुक्त गरिदिने जिम्मा लिनु हुन्नथ्यो । उहाँ भन्नुहुन्थ्यो- मैले तिमीहरूलाई दु:खबाट मुक्त हुने बाटो मात्र देखाउन सक्छु अर्थात् निर्वाण प्राप्त गर्ने तरिका मात्र बताउन सक्छु । मैले देखाएको त्यस बाटोमा तिमीहरू हिंड्न सक्यौ भने र मैले देखाएका तरिका अपनायौं भने मात्र तिमीहरू दु:खबाट मुक्त निर्वाण अवस्था प्राप्त गर्नेछौ । मैले कसैको हात समातेर त्यहाँ सम्म लान सक्दिन । सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये, कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन । शुद्ध र अशुद्ध हुने आ-आफ्नो हातमा नै छ ।" तर एकचोटी भिक्षुहरूमा अहंकार भावना बढ्दै गएको देखेर बुद्धले फेरि भन्नुभयो- "हे भिक्षुहरू ! तिमीहरूले अहंकार नाश गर्न सकेको खण्डमा मैले तिमीहरूलाई दु:खबाट मुक्त गरी निर्वाणसम्म पुऱ्याउने जिम्मा लिन सक्छु ।"

त्यसैले मैले बुझे अनुसार अहंकारलाई दमन गर्नु र नाश गर्नु नै अनात्मवाद हो । आज संसारमा जति पनि अशान्ति मच्चिरहेका छन्, शोषण नीति चलिरहेका छन्, ती सबैको कारण धेरैजसो मानिसहरूमा अहंकार भावना विद्यमान रहेकोले गर्दा नै हो । गौतम बुद्ध भन्नुहुन्छ-धन मद, यौवन मद, रूप मद, बल सम्पन्न हुनु, विद्वान हुनु, अरूले गर्न नसक्ने दुर्लभ कार्यहरू गर्न सक्नु, वक्ता बन्न सक्न', पुरुषार्थ देखाउन सक्नु आदि यी सबै अहंकार बढ्नुको मुख्य कारणहरू हुन् अर्थात् जड हुन् ।" नेतृत्वको लागि झगडा हुने, खेलकूदमा विजयी बन्ने आदि सबै अधिकांश आत्मवादी हुन् र अहंकारीपनाका कारणहरू हुन् । यिनीहरूबाट नै झै झगडा शुरु हुने गर्दछ ।

यही अहंकार भावनाको सिलसिलाबद्ध भई यहाँ बुद्धकालीन एउटा घटना प्रस्तुत गर्न चाहन्छु ।

एक समय बुद्ध समक्ष भद्दिय शाक्य राजा, अनुरूद्ध, आनन्द, भगु, किम्भिल तथा देवदत्त आदि ६ जवान शाक्य राजकुमारहरू भिक्षु बन्नको लागि आइपुगे। उनीहरूको साथमा उपालि नाम गरेको एकजना हजाम सेवक पनि थिए। सबैले आ-आफ्नो गहना फुकाली उपालि सेवकलाई जिम्मा लगाई उसलाई घर फर्कन आदेश दिए। गहनाको पोको बोकी जाँदै गरेको उपालिलाई एक अज्ञात भयले सतायो- बाटोमा आफू एक्लैलाई डाँकाहरूले मारेर गहनाको पोका लुटेर लाने हो कि, फेरि यी शाक्य राजकुमारहरू किन त्यागी बन्न पुगेका होलान्। यसमा केही रहस्य लुकेको हुनुपर्छ। मलाई चाहिँदैन यो गहनाको पोको।" यति विचार गरी उसले जंगलमै एउटा रूखमा त्यस गहनाको पोको झुण्ड्याएर त्यसमा "जसले लिए पनि हुन्छ" भनेर लेखी त्यसै छोडेर ऊ बुद्ध समक्ष आइपुगे। उसलाई देखी शाक्यहरूले अचम्म मानी सोधे- किन फर्केर आएको ? उत्तर थियो- "म पनि भिक्षु बन्ने। "यो सुनी शाक्य राजकुमारहरूले भने "भो गुरु ! कृपा गरी हामी सबैलाई भिक्षु बनाइदिनुस्।" गौतम बुद्धले सोध्नुभयो- "लौ त, पहिले को भिक्षु बन्ने ? शाक्यहरूले भने हामी शाक्यहरू अभिमानी र अहंकारी छौं। त्यसैले यो हजाम उपालिलाई पहिला भिक्षु बनाईदिनु भए राम्रो हुने छ। बुद्धले भन्नुभयो- "त्यसो भए तिमीहरू सबैले उसलाई टाउको झुकाई वन्दना (अभिवादन) गर्नुपर्ला नि।" उनीहरूले पनि दृढताका साथ भने- "हामी गर्छौं यसमा हामीलाई कुनै आपत्ति छैन।"

यो सुनी गौतम बुद्धले पहिले हजाम उपालिलाई, अनि पछि अरू शाक्य राजकुमारहरूलाई पालैसित भिक्षु बनाइदिनु भयो अनि बुद्धले भन्नुभयो - "अब, उपालि तिमीहरू भन्दा जेठो भइसक्यो त्यसकारण उसलाई सबैले ढोग र नमस्कार गर। ६ जवानले नै वन्दना गर्न कोसिस गरे तर कसैको पनि टाउको तलतिर झुकेन। उनीहरूले विचार गरे-"उपालि त हाम्रो सेवक हो। कसरी उसको अगाडि टाउको झुकाउने होला" टाउको त झुक्दै झुकेन अनि बुद्धले सोध्नुभयो- "के भयो ?" उत्तर थियो- "भो शास्ता, टाउको झुकाउनै गाह्रो भयो।" बुद्धले भन्नुभयो- "होइन टाउको झुकाई हात जोडी तिमीहरू सबैले अभिवादन गर्नैपर्छ। अनि मात्र तिमीहरूको अभिमान दमन हुनेछ।" यस्तो कुरा सुनी शाक्य कुमारहरू सबैले जबर्जस्ती आ-आफ्नो टाउको झुकाई उपालिलाई नमस्कार गरेर आफ्नो अहंकारलाई दमन गरी छाडे।

त्यसपछि त्यस उपालि भिक्षुमा थाहै नपाउने गरी विस्तारै अभिमान चढ्न थाल्यो। उनले विचार गरे- म सेवक थिएँ पहिले। अब त म मालिक बने मालिकहरूचाहिं सेवक बने। यसरी ऊ घमण्डले फुलेर सालिक जस्तै ठाडो गरेर बस्न थाल्यो। भनिन्छ, फल नफलेको फुस्रो रूख ठाडो हुन्छ तर फल फलेको रूख गन्ह्रौं भएर झुक्छ रे। त्यस्तै भयो त्यो उपालि भिक्षु पनि। तर विस्तारै उसलाई आफूभित्र आएको परिवर्तन स्वभावबारे होश आयो र आफूले आफैलाई अर्ति दिन थाल्यो- "ए अहिले तिम्रो अभिमान चढ्दैछ। तर झर्ला। अहंकारी बन्छस्। गुणले मात्र मान्छे ठूलो बन्छ। तिमीले आफ्नो मनको अहंकारलाई जरैदेखि उखलेर फ्याँक। होइन भने तिमी पतन हुनेछौं। मेहनत गरी मन

शुद्ध पार्ने कोशिस गरी मनको मैलालाई तुरुन्त पखाल !" यति विचार गरिसकेपछि उसले आफ्नो अहंकार हटाउनको लागि खुब मेहनत गर्नमा तल्लिन भयो। विपस्सना ध्यानमा लागेर अन्तमा उसले आफ्नो कमजोरी र अहंकारलाई फाल्न सफल भयो। अर्थात् अन्तर्मुखी भएर मनको मैलालाई पखाल्न सफल भयो। ऊ साच्चिकै अध्यात्मिक गुणले पनि जेठो भयो। अन्य अनुशासित भिक्षुहरूमध्ये अग्रपंक्तिमा पुगे। यसरी उपालि शुद्ध अनात्मवादी भए। तर उपालिसँगै भिक्षु बन्ने देवदत्तको भने अभिमान चढ्दै गयो। उसले बुद्धलाई प्राप्त भएको मान सत्कार देखी सहन नसकी इर्ष्या भावना जगाए। बुद्धलाई मारेर आफू बुद्ध बन्ने कुआकांक्षा राखे। फलस्वरूप अहंकारी, आत्मवादी बनेर ऊ एक दिन पतन नै भयो। यो घटनाले स्पष्ट हुन्छ- अहंकार नै आत्मा हो। अहंकारलाई नाश गर्न सके मात्र अनात्मवादी बन्न सकिन्छ।

फेरि अर्को एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु बी.ए.पास भएको एकजना व्यक्ति काम नपाएर बम्बई पुगे छ। कामको खोजीमा जाँदा जाँदा ऊ एकजना साहुकहाँ पुगेछ र साहुले सोधे तिमीले के काम गर्न सक्छौ ?" उसले आफू बी.ए. पास भएको कुरा प्रकाशमा नल्याई जे काम पनि गर्न सक्छु भन्ने उत्तर दिएकोले साहुले उसलाई अनपढ सम्झी भाँडा माझ्ने, कुचो लगाउने र सफा सुग्धर गर्ने काम दिए। त्यस्तै काम भए पनि उसले खुब राम्रोसंग मेहनत गरेर आफ्नो कर्तव्य पालन गर्दै रहे। एकदिन उसले कुचो लाउँदै गर्दा एउटा चिठी फेला पार्यो। उसले उत्सुक भई त्यस चिठी पढ्दै गरेको साहुजीले देखेर सोधे "ए! तिमीलाई लेखपढ गर्न पनि आउँछ ?" उसले भन्यो- "अलि अलि आउँछ। "त्यसो भए लेख त भनी अक्षर लेखाउँदा उसले राम्ररी अक्षर लेखेको देखेर साहुजीले भने- "अरे तिम्रो अक्षर त खूब राम्रो रहेछ नि त्यसो भए मेरो सामान झिकाउनको लागि तिमीले एउटा चिठी लेखि दिनुपर्यो "भनी सामानहरूको लिष्ट पनि दियो। उसले त शिष्ट र राम्रो भाषामा चिठी लेखिदियो। त्यो चिठी सम्बन्धित ठाउँमा पुगेपछि त्यहाँबाट राम्रा सामानहरू मनग्गे आइपुगेको देखेर साहुजी दंग परी पुरानो मुन्सीलाई अर्कै पदमा सारेर कुचिकारलाई पदोन्नति गरी मुन्सी पदमा राखी काम गराए।

त्यसपछि नाटक शुरु हुन थाल्यो पुरानो मुन्सीलाई इर्ष्या हुन थाल्यो कहाँको एउटा मान्छे आएर मेरो थाली नै खोसेर लियो। पर्ख न उसलाई नबिगारी कहाँ छोड्छु र भनी नयाँ मान्छेको गल्तीहरू खोज्ने र निहुँ खोज्ने कार्य शुरु गर्न थाल्यो। उसले नयाँ मुन्सीलाई नराम्रो नियतले पछ्याउँदै हिंडन् थाल्यो। यसरी यहाँ आत्मवाद शुरु हुन थाल्यो।

यता नयाँ मान्छेको पनि आफ्नो पदोन्नति हुना साथ उसमा पनि विस्तारै अभिमान चढ्न थाल्यो। तर ऊ सभ्य भएकोले समयमै उसलाई होश आयो। उसले आफूले आफैलाई अर्ति दिन शुरु गरे- "ए! सावधान! तिमी कस्तो अवस्थामा यहाँ आइपुगेको, बिर्स्यौ? घमण्डले तल खस्ला।" यसरी आफूलाई होशमा राख्नको लागि उसले आफ्नो पुरानो लुगा र जुत्ता एउटा बाकसमा राखेको रहेछ। कार्यालय जानु भन्दा अगाडि दिनका दिन उसले त्यो पुरानो झुत्रो लुगा र जुत्तालाई नमस्कार गरेर

पहिलेको अवस्था स्मरण गर्दै अहंकारलाई दमन गरेर मात्र अफिस जाने गर्न थाल्यो ।

पुरानो मुन्सीले त्यस मानिसको चेवाचर्चा गरी हिंड्दा-हिंड्दै उसको ढोका नजिक गएर कान थापिरहेको रहेछ । दैवसंयोग नयाँ मुन्सीले भित्र बाकस खोलेको र बन्द गरेको आवाज उसले (पुरानो मुन्सीले) सुन्यो । अनि पुरानो मुन्सीले गलत अनुमान लगायो नयाँ मुन्सीले पैसा हिनामिना गरेर पैसा गनिरहेको होला । "यसैलाई प्रमाण मानी उसले साहुजीकहाँ गएर चुक्ली गायो- "साहुजीले मान्छे चिन्नु जान्नुछैन, एकैचोटी पैसा जिम्मा लगाउनुभयो । नयाँ मुन्सी त इमान्दार छैन जस्तो लाग्छ है । उसले पैसा हिनामिना गरेको जस्तो देखिन्छ।" साहुजीले सोधे- तिमीले यो कुरो कसरी थाहा पायौं ? " उसले भन्यो "नपत्याए ऊ कार्यालय जानु अघि साहुजी उसको कोठातिर एकपटक जानुस् न । उसले कोठा बन्द गरी मज्जाले पैसा गनिराखेको हुन्छ ।" पैसाको कुरा सुन्ने बित्तिकै साहुको मनमा चिसो पस्यो । शंका लाग्यो । साहुजीले तथ्य कुरो पत्ता लगाउनु पायो भनी नयाँ मुन्सी कहाँ निरीक्षणको लागि जाँदा मुन्सीको कोठाको ढोका बन्द रहेको देख्यो । यो देखी साहुजीले भने- "ए । ढोका खोल त ।" साहुजीको आवाज सुन्ने बित्तिकै भित्र हत्तरपत्तर बाकस बन्द गरेको र हतारिँदै नयाँ मुन्सीले ढोका खोलेको देख्नेबित्तिकै साहुजीले शंका गरेर सोधिहाले- "तिमी के गरिरहेको ? केही होइन " भन्ने जवाफ सुनी साहुजीलाई त झन् शंका लागेर आयो र भन्यो- "तिम्रो बाकस खोल त ?" बाकस खोलेर हेर्दा त त्यहाँ पुराना लुगा र जुत्ता एक जोरबाहेक अरू केही देखेन । त्यसैले साहुजीले सोध्यो- "तिमी दिनका दिन ढोका बन्द गरेर के गरिरहन्छौं यहाँ ?" उसले जवाफ दियो- "साहुजी म यही मैलो र झुत्रो जुत्ता लगाएर यहाँ आएको एक नोकर हुँ । मलाई तपाईले कुचिकार पदबाट मुन्सी पद दिई पदोन्नति गर्नुभयो त्यसैले ममा अभिमान र अहंकार चढ्यो । अनि यही लुगालाई नमस्कार गरेर मैले आफ्नो अहंकारलाई दमन गरेर सधै कार्यालय जाने गर्दैछु ।"

उसको यो कुरा सुनी साहुजी जिल्ल परे । अनि उसले भूतपूर्व मुन्सीलाई बोलाएर बेसरी गाली गर्यो "तिमी त दुष्ट र इर्ष्यालु मान्छे पो रहेछौ । मन त निकै कालो रहेछ नि तिम्रो । धत् बेइमान । "यहाँ बुझ्नुपर्ने कुरा के छ भने नयाँ कारिन्दाले आफूमा अहंकार चढेको थाहा पाउने बित्तिकै कसरी दमन गर्यो । यसलाई अनात्मवाद भन्न सकिन्छ । तर पुरानो कारिन्दा आत्मावादी बनेकोले उसले आफूलाई मात्र होइन आफ्ना वरिपरि नै अशान्ति मच्चाइदियो ।

सबैलाई थाहा छ, स्वामी विवेकानन्द साधु महात्मा हुनुहुन्छ भन्ने कुरा । उहाँ हिन्दू साधु भएर पनि अनात्मावादी हुनुहुन्छ भनी मैले ठान्दछु त्यसबारे एउटा घटना प्रस्तुत गर्न चाहन्छु एकदिन उहाँ गंगाजीमा घुम्न निस्कनु भएछ त्यहाँ थुप्रै साधुहरू बस्ने गर्थे । स्वामी विवेकानन्दले एकजना साधुकहाँ गएर सोध्नुभयो- "कहिलेदेखि यहाँ रहनु भएको ? ४० वर्ष भयो । अहिले के गर्दै हुनुहुन्छ र किन साधु बन्नुभएको ? म ४० हजारको सम्पत्ति त्यागेर साधु बनेको छु र अहिले ज्ञान प्रचार गर्दैछु स्वामी विवेकानन्दले भन्नुभयो- "साधु

बन्नुभएको ४० वर्ष भइसक्यो, अहिलेसम्म आफूले त्याग गरेर आएको ४० हजार सम्पत्तिलाई बोकिराख्नु भएको रहेछ । तपाईंको मनबाट अहिलेसम्म त्यो फ्याँकिसकेको धनको माया छुटेको रहेनछ । कसरी साधु बन्नुभयो ? अहंकारलाई नाश गर्नको लागि नै हो साधु बन्नुपर्ने ४० हजार सम्पत्ति त्यागेर आएँ भन्ने अहंकार कहाँबाट पलायो ? तपाई त शुद्ध साधु होइन रहेछ यो कुरा सुनी त्यो साधु त वाल्ल परेछ । यसरी आत्मवादी र अहंकारमा घनिष्ट सम्बन्ध छ ।

म पनि अनात्मवादी बन्न मन पराउँछु । तर मैले अहिलेसम्म मबाट अहंकार हटाउन सकिराखेको छैन । प्रवचन दिंदा भन्ने गर्छु- मैले गाउँगाउँमा गएर धर्म प्रचार गर्दछु । यति पैसा बौद्ध जागरण शिविरलाई खर्च गरे । यति हजारको पुस्तक छापेँ । दुई दुईवटा पत्रिकामा प्रधान सम्पादक बनेको छु आदि भावनाहरू मनमा आई समय समयमा अहंकारीपना आउने गर्छ । कहिलेकाही आफुले प्रवचन गरेको बारे आफ्नो नाम अखवारमा छापेन भने पनि रीस उठने गर्छ । आफले चन्दा दिदा केही गरी आफ्नो नाम छापिएन भने पनि मन खिन्न हुने गर्छ । दृष्टि पत्रिकामा छापिएको आफ्नो लेखलाई आफैले लेखेको भए पनि तीन-चार पटक पढ्ने गर्छु । यो पनि एक प्रकारको अहंकार नै हो । यही आत्मवादी हो । आत्मवादले गर्दा प्रभुत्ववाद उत्पन्न हुने गर्छ ।

अमेरिकाले आफ्नो पैसाको बलले संयुक्त राष्ट्रसंघको सुरक्षापरिषद् र विश्व बैंक आदि सबै आफ्नो छत्रछायाँमा राखेको पनि यही अहंकार र आत्मवादले गर्दा हो । विश्व बैंकले नेपालमा कम्युनिष्ट सरकारको नाम फेर्नुपर्‍यो भन्ने जुन दबाव दियो, यसलाई पनि आत्मवाद र धनको अहंकार भन्न सकिन्छ । कहाँको मानवतावाद हो यो ? र कस्तो विडम्बना हो यो ?

*साभार- नारीहरूमा पनि बुद्धि छ पुस्तकबाट*

◆


हार्दिक शुभकामना



*अर्हत त्रैमासिक निरन्तर प्रकाशनको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।*

मुस्कान मेडिकल हल

सूर्यविनायक चोक, भक्तपुर

# बोधि प्राप्ति २



✍ चितधर हृदय

बोधिसत्वं धाल "हानं त्वंकि भतिचा मेगु नं" -चित्तधर हृदय
वं लिसः बिल-"थीमत्योम्ह जि त्वंक्य गय् जिं दुरुकनं ?"
"थी मत्योम्ह जि" धैगु कर्कश शब्द कर्णे च्वन ध्वयाः,
"थी मत्योम्ह धका म्हुतुं आवृत्ति नं जुल न्हां वया ।
"थी मत्यो" ध्व खँ ताःगुलिं हृदयं लिसःबिल "छायमत्यो
थुम्ह दयावान् थी मत्योसा मेगु जगते याय् छु त्यो ?"
थुलि विचाः यानाः कथं वं उम्ह मचाया ख्वाः स्वयाः
"सौम्य दुरु निं त्वंकि" धाधां धाल प्रीति मने तयाः
"जन्मं ज्वीमखु थन उच्चनीच जात
कर्म ज्वीगु बरु सुजात वा कुजात
संसारे परहित कर्म याःम्ह श्रेष्ठ,
हिंसा द्वेष रतम्ह खः अवश्य दुष्ट । "(प्रहर्षिणी )
थुलि धयाः वं दुरुकने दुगु दुरु कयाः फुक त्वंगुलिं
"छम्ह महात्मायात छुं उपकार याय्दत" धैगुलिं
धन्य भाःपाः थःत थमनं वैत यानाःवन्दना
वन्यव व मचा माःहनाः च्वन मनस नाना भावना ।
वल अज्याथाय् गायिकापिं ल्हाः ज्वनाः दूरे स्वम्ह,
तुतिबकीया शब्द तायाः जुल सशंकित गौतम ।
ताल भति भति अमि परस्पर ल्हाःगु भुनु भनु लैं ववं
पवन दूतं हःगु खगतय् गीत लिस्य थुलि खँ वं-

"तार वीणाय् छ्वासुसा संगीत सुमधुर ज्वी मखु
तार भति तीप्यंकुसा नं हाल्य भ्रीसं फै मखु
तार मध्यम ज्वीव तिनि भ्री गीत रसया मधुरता
हृदय हृदये चिनिगु गथि गथि तरु कचाय् हिनिथें लता
अमिगु थुगु खं वैगु नुगले लूगु भाव ध्व नूतन
घोर तप व विलास जीवन अति मज्यू निगुलिं थन,
ज्वी तपस्यां काय कृश दुख, मोह ज्वी भोगे दुनाः
माध्यमिक मार्ग सुधासम शुद्ध प्रज्ञा ल्वी खनाः
दंबले भ्वाथःगुलिं फुक वस्त्र कुतिबल भूमिस
गय् सिमां भ्रवाः जूगु स्वांया हःत हायाः वैगु खः
"आः छु बसतं फी !" धका वं स्वःबले अन निकटया
सीम्हस्यात दुखापिखांतीकाः मशाने वांछयाः
तःगु उगु कापः खनाः ल्वीकल मने वं भाव ध्व"
"त्याग यानाः तःगु स्वीतं म्बःगु स्वीगुं मखुगु ध्व"
न्हयोन्यसं पुखुली वनाः चायाः व कापः म्हे हिनाः
योग्य भोजन यात वं ग्रामे वनाः भिक्षा फ्वनाः
बोधिसत्वं ब्याक थथ्य तोतुगु खनाः तप साधन

"खुदँ तपस्यां बुद्ध ज्वी मफु आः ध्व आहारं गन ज्वी" धका थथ्य पंचवर्गीयं खँ ल्हाल्हां याकन वैत वानाः न्हयूनिक्वे तापाःगु मृगदावन वन।

थुब्यर सेनानी धका नां दंगु पुर सम ग्रामस छुं दिवस न्हापा सुजाता सुन्दरीं वटबृक्षस "लोगु उत्तम कुलस यदि जिगु लोम्ह नाप इही जुयाः प्रथम हे जिगु अंक जाःसा दिव्य सुन्दर काय् बुयाः छन्त छाय् जिं यक्व् क्षीर" धका व कन्या तिनिबले वैत फ्यानाः तःगु आःवं "छाय्" धका थः सागले दुन्य दुपिं छुं रोग मदुपिं दोछि सा फुक पित कयाः इष्टमीनं न्यंक जाःगु बने व न्हूपिं सा जयाः दोछि साया दुरु हयाः न्यासःम्ह सां फुक त्वंकल, अमिगु दुरु न्हयानाः वया नं बच्छि सां फुक त्वंकल। थुगु प्रकारं सात भिंखुम्हस्यागु त्वंकाः च्याम्हस्यां च्याम्ह साया दुरु हयाः वं क्षीर दायकल थःम्हस्यं सेविका पुर्णा छवयाः हल वट-सिमाक्वे सुचुक्यत, वृक्ष मूले बाल रवि सम वं खनाः मायासुत ब्वां वनाःवं धाल "थौ प्रत्यक्ष जुल वट-देवता धन्य भद्रे। भाग्य छिगु। याकन लुं पात्रे खीर ता" हर्ष पूर्वक क्षीर तानाः पाटवस्त्रं तोपुया थःम्ह दासी नाप नाना रत्नयागु तिसां तियाः "गन व?" धाधां न्हयोन्य थ्यंकाः स्वर्ण लःथल बैं दिकाः भक्ति पूर्वक बन्दना यानाकथं ल्हाःतुति सिकाः

करस उगु पायस ज्वनाः सम्मुख सुजाता च्वन दनाः बोधिसत्वं ब्याकक थ्वीका भक्तनीया भावना वैगु श्रद्धायुक्त उगु उपहार कायत जवगु कर ल्हवन्यव लः ल्हानाः व गुलुपाः धाल बचन मनोहर- "छिगु प्रसादं देव। जिगु जुल पूर्ण मनया कामना पूज्यवर। छः पिनिगु नं अथ्य सफल ज्वीमा साधना" भक्ति विहवल मातृजातिं पवन्यगु पल्यसा वर बियाः वन अनं थुलि स्नेह हायकाः, धन्य नारी हृदयया। बोधिसत्वं वैगु थुगु वर ग्रहण याःथें भति न्हिलाः क्षीरपात्र ज्वनाः दनाः बटवृक्ष क्वं क्वं चाःहिलाः वन अनं नैरञ्जनाया शुभ्र त्वाथः दुगु सिथं तुंगले गुलुपाः दिकाः अन मोल्हुयाः निर्मल लखे यात भोजन पीगुप्ये यानाः व निर्जल पायस। लपत्य थें व सुवर्ण गुलुपाः वांछवयाः जल-स्त्रोतस निकटवर्ती सघन शालवने वनाः दुन्य न्हिच्छित चाःहिला च्वन बनस पुष्पित तरु लतां आच्छादित। दिनसिनाः विरहं कयाः वन्य त्यंगुलि सन्ध्या सति अग्नि छ्वेकाः तःगुला मस्यु उइत अमि निम्ह दम्पती हुं प्रतिचीया दिपे सो रक्त आभा भति भति किरण द्वारा पत्र म्हासुगु तरुस थःपिनि सन्तति

ख्वःगु च्याँय् च्याँय् मिंगु तायाः वल ह्यासं विहगत थः स्वले ल्याःहाँ गयाः रथ-मन्द शीतल मारुत पशुत करुणा वंक हाहां ब्वां सन्हां वन्य थें वल, न्हिच्छितक चाःहयूम्ह श्रमणं प्रकृति नं थथ्य चञ्चल जक खनाः वं ध्यान यायत लोगु माः जुल थाय् अन, वल अज्याथाय् घाँय्कु क्वबुयाः नाम स्वस्तिक ब्राम्हण। बैत खन्यवं ल्हाः फयाः पवन "घाँय् छम्हू ब्यु जितः" धका, ब्राम्हणं न्यन "घाँय् छुयायत छितः?" धका घाँय् छब्य दिकाः। बोधिसत्वं बिल लिसः "सर्वज्ञ ज्वी जि थुकी च्वनाः?" न्हिल व ब्राम्हण "ज्ञान गो अल्य जिमित नित्य थुकीच्वनां?"

धाल हानं "ज्ञान ल्वीक्यत यक्व मा: आयोजन,
वैत छम्ह निम्ह धीर पुरुषं मात्र ल्वीकै ब्राम्हण।"
"भिक्षुवर! उगु युक्ति कँ जित: नं" धका उम्ह स्वस्तिकं
धायूव "ज्यू जिं अमृत वितरण यायूव वा बी छन्त नं"
थुलि धया: वं घाँय् कया: वंगलसिमाया क्वे वना:
यात थुलि संकल्प घाँय् लाया: व हे घाँसे च्वना:

"द्व आसने थौ जिगु देह गंसां
ला क्वें व छेँगू फुक फाक्क ना: सां
मलास्य थौ दुर्लभ बोधिज्ञान
तोतै शरीरं मखु न्हां ध्व थाय् नं"(उपजाति)

बोधिसत्वं धा:गुलिं थथ्य उगु सिमाक्वे मुलिपति
मार वल न्हयो न्हयो तया: ऋतुराज थ: सेनापति
पूर्णिमाया चन्द्रिकां रणभूमि यच्चुक दय्कल
विहगगणया चिलि चिलिं अन शंख रणभेरी पुल।
मलय-पवन मन्दता रणवाद्य था:वल न्हां अन
हृदय-नभ हे ध्वक्क यायां योग सुखया वर्णन।
मल्लिका, अरविन्द, चूत, अशोक लिस्य नीलोत्पल
यागु सौरभ युक्त सिचुगु समीर-बाण कय्कल
प्रथम मन निं मोह थे जुल, पीस्य च्वन अल्य फुक तन,
ताप द्वारा ज्ञान शोषण ज्वीव वैं थें जुल मन।
मारया फुक दर्प, हर्ष, विलास आदिक पुत्रपिं
ल्वाय्त वल छम्ह छम्ह रणे अन छम्हथ्य छम्ह अति वीरपिं।
यात दर्प वया: प्रहार "छ शाक्यराजकुमार ख:
सहलपा छाय् म्वा:गु थुलिमछि कष्ट तरुया मूलस?"
हर्ष जक छाय् च्वनि लिपा वं वैत बाणं कय्कल-
"राज्य याना: च्वंहुँ गौतम छन्त ज्वी सुख केवल"
छब्य विलासं थ:गु गसुलिं सुल वया हृदये च्वना:
"छाय् च्वना त्यानुक मछिंक छ? या:हुँ सुखया साधना"
गौतमं दृढ धैर्य-कवचे ज:गु आयुध फुक फया:
सत्यया संकल्प-धनुषे चित्तसंयम-शर तया:

मार सेना न्याक्क ग्याना समरभूमिं बिसि वना:
हाकनं मारं छवया: हल ल्वाय्त शंका, कल्पना
शीघ्र शंकां ध्वक्क नंन्यायका:: शिला वा गाकल,
बुद्धियागु कुसां कुया वं ब्याक्क सितिकं वंकल
कल्पनां रति प्रीति तृष्णा आदि नं नापं ब्वना:
मार बौया विजय हेतुं वल रणे माया क्यना:।
प्रथम रति वल थ:गु स्मृतिया नग्नम्ह ब्वया: नृत्य या:
भावना संगीत हाहां तोष सुख, आनन्दया।
प्रीति नं वल बुलुगु सालुगु वस्त्र-विस्मृतिया तिया:
जन्म जन्मान्तरनिस्यं गुम्ह वैगु ल्यूल्यू व:म्हया
तीव्र तम तृष्णा छको सी त्योगु मत थे वल थिना:
धाल वं "ल्याहाँ नु या: वन्य दिव्य सुख आराधना,
छन्त यदि जिं धा:थ्य या:सा मदु असम्भव छुं थन
सो" धका वं क्यन अनेपिं सुन्दरी रमणी गण,
जा:गु यक्व धुकूत नानारत्न धन, सम्पत्तिया,
शाक्यसिंहं धाल भूमिस्पर्शमुद्रां। वैं थिया :-
"स्थानं हे थच्यु मेरू पर्वत् जगत हे शून्य जूसां थजु
व्योमं तारकमण्डली सहित हे देवेन्द्र व:सां कुतु,
जूसां ज्वी थव्यु जीवतय् मत छगू, सूसां महासागर
धात्येपैम्ख्चुवीक्य बेधितरूया मूलंसुनानंजित:" (शार्दूल विक्रीडित)

थुलि धया वं ध्यान याना स्व:बले थ: मन मने
जायूक खन मलमूत्र केवल सुन्दरीपिनि म्हे दुन्य।
स्वे अपिं बांला पिन्यंला त:गुलि छेंगु भुना:

खन दुन्यं कंकाल क्वँ जक त:गु सँयप्वाचं चिना: अभिगु खन बृद्धा-अवस्था, देह रोगनिकेतन, वंगु खन फुक चाजुया: धन, हर्म्य मन्दिर उपवन । थुगु कथं फुक भोग्य वस्तुत कालया भोजन खन, व्याक्क काम व भव, विभवया भोग-तृष्णा विसि वन भोगतृष्णां सी धका ग्या: म्वायगु आश ल्यना: च्वनि म्वायगु आशं मेगु हानं जन्म प्राणी का: वनि । वं उकीं उगु जन्मकारण स्वंगुलि तृष्णा फुका: मग्न जुल व समाधि-पुखुली जायक ल: दुगु शान्तिया । बिघ्नकारी मार त्याका प्रथम यामे रात्रिया शान्तिचित्त चा: हय हयुं पंगू अवस्थाय ध्यानया दिव्य चक्षु ज्ञानदर्शन प्राप्र याना: चित्तया आवरण फुक दूर ज्वीका: दिव्य दुष्टिं लोकया दु:ख सुख स्वर्ग व नरक, सम्पूर्ण पाप व पुण्यया वास्तविकता ब्याक्क खंकल, भोग, भोग्य पदार्थया । शुद्ध बाचा जायव न्हापा जन्मयागु खँ सीकल आसवक्षय-ज्ञानदर्शन नं नसंचाय् ल्वीकल ।

ब्याक्क खन वं बाह्य आभ्यन्तर जगत संसारया कार्यकारण भावया अविछिन्न सम्बन्ध व वया प्रवल नियमे ला:गुलिं थुगु विश्वया फुक वस्तुत दैगु फ्वीगु च्वना च्वनिगु थें चित्तयागु शुभाशुभ वृत्ति नं उत्पत्ति नाशे चक थें चा:चा हिला: च्वंगु लिस्य मेगु नं खन वं अविद्यादिं चिला रात्रिया अवसान काले न्हयोन्य पेंगू सत्यत दु:ख, समुदय, दुखनिरोध व दुखनिरोधउपायत । थुगु प्रकारं बोधिसत्त्वं बोधि लाना: दुर्लभ बुद्ध जुल गय् साहु ज्वी दीनं कया: आपा लब : । भति लिपा सुथया समीरं कय्‌व पुलुक मिखा कना: बाल रविया न्ह्योन्य बुद्धं ब्वन थ्व गाथा ल्हा: ल्हवना- "चा:चा: हिला: थ्व सन्सारे आपा हे जन्म जिं कया: दुना: जि जन्मया दु:खे गृहकार । छ मा: जुया गृहकार खना जिं आ: छयं दय्‌क्य म्वाल छं जित: गृहशिखर नं चिच्चा:दन बंधन चब्बुत, जुल विनिष्ट बांलाक संस्कार ब्याक्क चित्तया, स्वंगुलिं फुत तृष्णा नं गुगु ख: हेतु दु:खया ।"(अनुष्टुप)

सुगत सौरभ महाकाव्यया बोधिप्राप्ति
नामगु झिगूगु सर्ग सिधल ।

◆


# हार्दिक शुभकामना

अर्हत त्रैमासिक निरन्तर
प्रकाशनको कामना गर्दै हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

प्रो. रामकृष्ण किसी
मो. नं. ९८५१००८४०४

इन्द्र सिद्धि गणेश
निर्माण सेवा
गोल्मढी-७, भक्तपुर

# भारतमा बुद्ध-धर्मका एक प्रमुख प्रचारक- भद्दन्त एल. आर्यवंश नायक महास्थविर



✍ रत्नसुन्दर शाक्य

आधुनिक युगमा भारतमा बुद्ध-धर्म सुप्रतिष्ठित पार्नमा वा महाबोधि सभाका संस्थापक अनागारिक धर्मपाल (सन् १८६४-१९३३ को लक्ष्यलाई परिपूर्ति पार्न विशेष मद्दत गर्नुभएका व्यक्तिहरूमा भदन्त एल. आर्यवंश नायक महास्थविर पनि एक प्रमुख व्यक्तित्व हुनुहुन्छ।

उहाँको जन्म २३ अक्टोबर १९१५ का दिन हाल बंगलादेश त्यसताका भारत नै) को एक प्रमुख शहर चटगाउँको 'लाखैरा' नामक जिल्लामा भएको थियो। उहाँ पिता कालीकुमार बरुआ र माता शशीकुमारी बरुआका छैठौं सन्तान थिए। तिनीहरूले आफ्नो छैठौं सन्तानलाई 'अपूर्व बरुआ' नामाकरण गरिएको थियो। ५ वर्षको उमेरमा गाउँकै एक पाठशालामा भर्ना गरिएका अपूर्व बरुआले आफ्नो कार्यमा निरन्तर प्रगति गर्दै लगे। प्रत्येक कक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनाको कारण गुरुवरहरूले उनलाई एक आदर्श छात्रको रुपमा लिएका थिए।



भद्दन्त एल. आर्यवंश नायक महास्थविर

माता- पिता लगायत चार दाजुभाई र दुई दिदीबहिनीका साथ आफ्नो वाल्यकाल बिताउँदै आएका अपूर्व वरुआले गाउँको पाठशालामा ६ कक्षासम्म मात्र अध्ययन गरे। त्यसैताका उहाँकी दिदीको विवाह एक व्यापारीसित भएको थियो जो आफ्नो व्यापारको सिलसिलामा बरोबर बर्मा (म्यानमार) मा जाने गर्दथे। यसै क्रममा अपूर्व बरुआ पनि १३ वर्षको उमेरमा आफ्नो पिताका साथ भिनाज्यूको व्यापारको सिलसिलामा रंगून पुगेका थिए।

महिना दिनको रंगून निवास कालमा अपूर्व बरुआले त्यहाँका कयौं ख्याति प्राप्त चैत्यहरू र बौद्ध विहारहरूको अवलोकन गर्न पाएको थियो साथै त्यहाँका बौद्धहरूको धार्मिक सामाजिक जीवन

प्रत्यक्ष देख्न पाएको फलस्वरुप अपूर्व बरुआमा पनि आफ्नो जातीय धर्मप्रति ठूलो श्रद्धा र जागृति पैदा भयो । यसैको परिणामस्वरुप बर्माबाट फर्केको लगत्तै आफ्नो गाउँको विहारमा रहनुभएका विनयाचार्य भिक्षु प्रज्ञालंकार महास्थविरको सान्निध्यमा रही पाली एवं अन्य बौद्ध साहित्यको अध्ययन (प्रारम्भिक ज्ञान) शुरु गर्दै लगे । यतिले मात्र सन्तोष नभई उहाँले १४ वर्षकै उमेरमा आफ्नो पिता एवं अन्य स्वबन्धुहरूसित समेत अनुमति लिई सन् १९२८ मा आफ्ना कुलगुरु भिक्षु प्रज्ञालंकार महास्थविरकै आचार्यत्वमा आफ्नै गाँउ लाखैरामा श्रामणेर दीक्षा लिए ।

श्रामणेर हुनुभएको केही दिनपछि नै उहाँ आफ्ना गुरु, पिता एवं अन्य विहारका उपासकोपासिकाहरूका साथ बुद्धका संवेजनीय स्मारक स्थल (लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर आदि) हरूको अवलोकनार्थ भारतको विहार र उत्तर प्रदेशमा आइपुगे । यसै यात्राकालमा श्रामणेर अपूर्व रेजनले सारनाथमा श्रीलंकाका सुप्रसिद्ध भिक्षु आर्यवंश महानायक महास्थविरसित भेट गर्ने सुअवसर प्राप्त गरे । उहाँले उक्त महास्थविर आफू पनि श्रीलंकामा आई बौद्ध साहित्यको गहन अध्ययन गर्ने इच्छा जाहेर गरे महास्थविरले सहर्ष स्वीकार गरे । त्यसताका महानायक महास्थविर पनि अन्य भिक्षुहरूका साथ तीर्थयात्रा गर्न त्यहाँ पुगेका थिए ।

श्रामणेर अपूर्व तीर्थयात्रा पश्चात आफ्नै गाउँको 'महामुनि हाईस्कूल' मा ७ कक्षामा भर्ना भए । उहाँले सो स्कूलमा १० कक्षासम्म अध्ययन गरे साथै विहारमा विशेषत: धर्मालोक महास्थविरसित धार्मिक शिक्षा पनि निरन्तर अध्ययन गर्दै रहे ।

स्मरणीय छ, सन् १९३० मा महाबोधि सभाका संस्थापक अनागारिक धर्मपालले तथागतको प्रथम धर्मचक्रप्रवर्तन स्थल सारनात (ऋषिपतन मृगदावन) मा एक "अन्तर्राष्ट्रिय बौद्ध शिक्षण संस्थान" स्थापना गर्नुभएको थियो । सो शिक्षण संस्थानमा अध्ययन गराउन उहाँ (अनागारिक धर्मवाल) ले श्रीलंकाबाट १० जना श्रामणेरहरू जम्मा गरी भारत ल्याएका थिए। यस्तै यस शिक्षण संस्थामा अध्ययन गराउन चटगाउँबाट पनि १० जना श्रामणेरहरू ल्याउने निर्देशन आफ्ना प्रमुख शिष्य देवप्रिय वलिसिन्हा (सन् १९०४-६८) लाई दिएको थियो । अत: देवप्रियको निमन्त्रणमा श्रामणेर अपूर्व ९ जना अन्य श्रामणेरहरूका साथ चटगाँउबाट महाबोधि सभा, कलकत्ता हुँदै १६ जून १९३१ का दिन सारनाथ आइपुगे । त्यसताका सो शिक्षण संस्थानका प्रधानाचार्य श्रीलंकाबाट नै भदन्त डी. शासनश्री (सन् १८९९-१९६६ लाई नियुक्त गरी उपर्युक्त १० जना सिंहाली श्रामणेरहरूका साथै भारतमा निमन्त्रित गराइएको थियो । अत: चटगाउँका ती श्रामणेरशरुले पनि भदन्त डी. शासनश्रीको सन्निध्यमा रही पाली एवं सिं) हाली साहित्यको ज्ञान हासिल गर्दै लगे ।

सन् १९३२ को जुलाई महिनामा श्रामणेर अपूर्वलाई श्रीलंकाबाट एक पत्र प्राप्त भयो जुन पत्र महानायक आर्यवंश महास्थविरबाट पठाइएको थियो । त्यस पत्रमा श्रामणेर अपूर्वलाई श्रीलंकामा अध्ययनार्थ निमन्त्रित गरिएको थियो । अत:

श्रामणेर अपूर्व प्रसन्नताका साथ सारनाथबाट बिदा भई चटगाउँ हुँदै १८ वर्षको उमेरमा श्रीलंका पुगे ।

श्रीलंका पुगी श्रामणेर अपूर्व रंजनले "प्रवचनोदय ओरियन्टल कलेज, मौल्लीगोडा" मा आचार्य आर्यवंश महास्थविरको पथप्रदर्शनमा पाली त्रिपिटक-सिंहाली भाषा र साहितय ९ वर्षसम्म क्रमिक रुपमा अध्ययन-मनन् गरे । त्रिपिटक विशारद परिवेग प्रथम तथा अन्तिम उपाधि गर्न ९-१० वर्ष लाग्ने रहेछ । उहाँले बौद्ध साहित्यको साथसाथै पाली व्याकरण, अलंकार शास्त्र, भाषा विज्ञान र संस्कृत साहित्यको विस्तृत अध्ययन गरेका थिए ।

श्रामणेर अपूर्वले श्रीलंकामा अध्ययनरत भइरहेकै बेला सन् १९३८ को जून महिनामा त्यहाँको "कोहेमंगल उपोसथागार कल्याणी धर्म सामग्गी महासभा" मा बडो भव्य रूपमा महानायक भिक्षु आर्यवंश महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई गुरुवरकै अनुकम्पाबाट गुरुवरकै नाममा "भिक्षु एल. आर्यवंश" हुनुभयो । उपसम्पदापश्चात भिक्षु एल. आर्यवंशले श्रीलंकामा नै "सुबोधालंकार" र "चतुरार्य सत्य" नामक दुईवटा कृतिको रचना गर्नुभएको थियो ।

भिक्षु एल. आर्यवंशले २ दिसेम्बर १९४१ का दिन "प्रवचनोदय युनिवर्सिटी, मौल्लीगौडा" बाट "सद्धर्माचार्य" उपाधि ग्रहण गरे पश्चात श्री लंकाको अध्ययन समाप्त गर्नुभयो । उपाधि वितरण (दीक्षान्त समारोह) का दिन भिक्षु एल. आर्यवंशले एक सारगर्भित एवं मर्मस्पर्शी भाषण पनि दिनुभएको थियो । जसमा उहाँले आफ्नो ९-१० वर्षको सिंहल निवासकालको सिंहावलोकन गरी आफ्ना आचार्य, गुरुजन एवं सहपाठीहरूप्रति सम्मान एवं स्नेह व्यक्त गरी-सिंहलमा रही प्राप्त गरेको ज्ञानले भारतमा रही यथासक्य बुद्धधर्मको प्रचार-प्रसार गर्ने अठोट गर्नुभयो ।

साँचै नै भिक्षु एल. आर्यवंश श्रीलंकाबाट जलयान र रेलमार्गबाट कलकत्ता पुगी सर्वप्रथम आफ्नो गाँउ 'लाखैरा' पुग्नुभयो । त्यहाँ उहाँले आफ्नो प्रव्रजित गुरु विनयाचार्य प्रज्ञालंकार महास्थविरका साथ "अभय विहार" मा रही स्थानीय एवं सुइरवर्ती क्षेत्रहरूमा अनेक धर्मसभा सम्मेलन र समारोह आदिको माध्यमबाट बुद्ध धर्मको प्रचार-प्रसारमा लागि रहनुभयो ।

सन् १९४९ को अक्टोबर महिनामा महाबोधि सभाका प्रधान सचिव श्री देवप्रिय वलिसिन्हाको अनुरोधमा भिक्षु एल. आर्यवंश महाबोधि सभाको धर्मदूतको रुपमा कलकत्ता आउनुभयो । त्यसैबेला उहाँले वंगाली भाषामा "बौद्ध नीति शिक्षा" नामक ३५ पेजको एक पुस्तक पनि लेखी प्रकाशित गर्नुभएको थियो । कलकत्तामा वर्ष दिन रही उहाँ देवप्रियकै इच्छाअनुसार नवम्बर, १९५० मा सारनाथ पुग्नुभयो । सारनाथमा स्थायी रुपमा रही सभाको कार्य संचालन गर्दै लगे । उहाँले सर्वप्रथम त्यहाँ एक पुस्तकालयको प्रबन्धार्थ अति मेहनत गर्नु भयो । तर उहाँको कठोर परिश्रम र त्यहाँको प्रतिकूल वायुको कारण भिक्षु एल. आर्यवंश विरामी भयो र सन् १९५१ को अगस्तको पहिलो हप्तामै उहाँ उपचारको निमित्त कलकत्ता फर्कनुभयो । कलकत्ताका डाक्टरहरूको सल्लाहनुसार उहाँ शिलाङ्ग (मेघालय प्रवेश)

जानुभयो जहाँ ३ महिनाको बसाई पछि उहाँ पूर्ण स्वस्थ भई कलकत्ता फर्कनुभयो ।

महाबोधि सभाले तब उहांलाई सारनाथमा होइन दिल्ली मन्दिर मार्ग वा विडलामार्गस्थित बुद्ध विहारमा इन्चार्जको रुपमा नियुक्त गरी पठाए । उहाँ ७ नवम्बर १९५१ का दिन सो विहारमा पुगे । त्यसताका सो विहार मा श्रीलंकाका प्रतिष्ठित भिक्षु एच.सद्धातिस्स महास्थविर (प्रव्रजित १९२६) रहँदै आउनुभएको थियो । उहाँले भिक्षु एल. आर्यवंशलाई भारतको राजधानीमा अवस्थित सो विहारमा रहन विशेष योग्यताको आवश्यकता देखेको कारण उहाँ (भिक्षु एल. आर्यवंश) को परीक्षा लिइसकेपछि मात्र निश्चित रुपमा उहाँलाई राखी आफू सारनाथ जानुभयो ।

भिक्षु एच. सद्धातिस्स महास्थविर सन् १९४७ मा श्रीलंकाबाट भारत आउनुभएको थियो । उहाँ महाबोधि इटर कालेज, सारनाथको निमित्त पाली अध्यापक नियुक्त भई आउनुभएको थियो । सारनाथबाट केही समयको निमित्त दिल्ली बुद्धविहारको प्रबन्धक हुन पुगनु भएका उहाँ भिक्षु एल. आर्यवशंको दिल्ली आगमन पश्चात सारनाथ मै फर्कनुभयो ।

स्मरणीय छ, दिल्ली स्थित सो विहारको जग्गा सर्वानन्द बरुआको थियो र उसलाई सो जग्गा भारतका वायसराय (viceroy) को सेवक भएको नाताले प्राप्त भएको थियो । उहाँ (सर्वानन्द बरुआ) सो जग्गामा बुद्ध विहार बनाउन चाहन्थे तर आफ्नो असमर्थताको कारण उहाँले सो जग्गा विहार बनाउने शर्तमा महाबोधि सभालाई प्रदान गरे । महाबोधि सभाका प्रधान सचिव श्री देवीप्रिय बलिसिन्हाले यसको निमित्त सेठ जुगल किशोर विडला (सन् १८८३-१९६७) सित सरसल्लाह गरे । सेंठ जुगल किशोर विडलाले आफूले निर्माण गर्न लगाएको "लक्ष्मीनारायण मन्दिर" सँगै सो बुद्ध विहार पनि पूर्ण रुपमा आफ्नै उदारताले तयार गर्न लगाई आफ्ना पिता बलदेवदास विडलाको स्मृतिमा समर्पण गरिदिए । यस विहार निर्माणको शिलान्यास ३१ अक्टोवर १९३६ का दिन जापानका जनरल कन्सल के. योनेजावाको हातबाट भएको थियो । विहारको पूर्ण निर्माण पछि त्यसको समुद्घाटन १८ मार्च १९३९ का दिन भारतका अहिंसावादी नेता एवं राष्ट्रपिता महात्मागान्धी (सन् १८६९-१९४८) को हातबाट भएको थियो ।

भिक्षु एल. आर्यवंश स्थविर दिल्लीमा आउनुभएदेखि उहाँले बुद्ध विहार मन्दिर मार्गलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न कठोर परिश्रम गर्नुभयो । उहाँको मिलनसारिता, व्यवहार कुशलता आदि गुणको कारण उहाँको ख्याति बढ्दै गयो । भारतको राजधानी दिल्लीमा अवस्थित महाबोधि सभाको त्यस बुद्ध विहारमा कयौं राष्ट्रपति उवं प्रधानमन्त्रीको आगमन हुँदै आयो ।

विदेशका कयौं परराष्ट्र प्रमुखहरू पनि सो विहारमा आई आ-आफ्नो श्रद्धा प्रकट गरेर जाने क्रम पनि हुँदै आए जसमा प्रमुखत: श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, चीन, कोरिया आदि देशका राष्ट्रप्रमुख, मन्त्री ,राजदूत एवं अन्य उच्च अधिकारीहरूको आगमनलाई लिन सकिन्छ ।

भिक्षु एल. आर्यवंश महास्थविर सो विहारको इन्चार्जको रुपमा रही सबै काम आफैले

गर्दथे जसमा विहारमा बढार्ने कामदेखि लिएर धर्मोपदेश सम्मको थियो । उहाँकै विशेष प्रयत्नमा दिल्लीमा वर्षैपिच्छे बैशाख पूर्णिमा महोत्सव, अनागरिक धर्मपाल जयन्ती मात्र होइन अन्य धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरूको आयोजना पनि उहाँ स्वयं नै गर्नुहुन्थ्यो । उहाँकै विशेष प्रयत्नमा दिल्ली विश्वविद्यालयमा "बौद्ध शिक्षा अध्ययन विभाग" स्थापना भएको थियो साथै काशी हिन्दू विश्वविद्यालयमा पनि त्यसको विभाग स्थापना गर्नमा उहाँको विशेष सहयोग रहेको थियो । उहाँ आफैले पनि पाली एवं अन्य बौद्ध धर्म दर्शन सम्बन्धी व्याख्यान विहारमा मात्र होइन दिल्लीका कैयौं ठाँउ ठाउँहरूमा दिँदै जाने गर्दथे ।

भिक्षु एल. आर्यवंश महास्थविर महाबोधि सभाका एक उपाध्यक्ष थिए त विश्व बौद्ध संघ सभा (The World Buddhist Sangha Council) का पनि उपाध्यक्ष थिए । उहाँलाई सन १९७९ मा मंगोलियाको राजधानी उलानबटोरमा सम्पन्न एशियाई बौद्ध सम्मेलनमा "शान्ति पुरस्कार" प्रदान गरिएको थियो त सोहि सालमै (१९७९) मै श्रीलंकाको बौद्ध संघले "उत्तर भारतका नायक महाथेर" को उपाधि प्रदान गरेको थियो । उहाँले सन् १९७७ र १९८२ मा मास्को (रुस) मा सम्पन्न विश्व धर्म शान्ति सम्मेलनमा सम्मिलित (प्रतिनिधी) हुनुभएको थियो । सन् १९७८ मा जापानमा सम्पन्न भएको विश्व बोद्ध भ्रातृत्व संघ (The World Fellowship Of Buddhists) को १२ औ विश्व बौद्ध सम्मेलनमा उहाँलाई प्रमुख अतिथिको रुपमा निम्त्याइएको थियो । यस्तै सन् १९८५ को अक्टोवर महिनामा बौद्धहरूको प्रमुख प्रतिनिधित्व गरी चीन भ्रमण पनि गर्नुभएको थियो ।


यो अनेक सभा सम्मेलनहरूमा प्रतिनिधित्व गरी देश-विदेशको भ्रमण गर्नुको अतिरिक्त उहाँले नेपाल बंगलादेश, मलेशिया, भूटान, बर्मा र थाइलैण्ड आदि देशहरूमा पनि कैयौं पटक यात्रा गर्नुभएको थियो ।

जीवनको अन्तमा उहाँ लामो समयसम्म बिरामी हुनुभयो । ४४ वर्षसम्म अथक लगन, मेहनत, इमान्दारी र निष्ठाबाट उक्त दिल्लीको विडला मार्ग वा मन्दिर मार्गमा अवस्थित बुद्ध विहारको व्यवस्था सुचारु रुपमा चलाइसकेपछि १ अक्टोवर १९९४ का दिन उहाँ उदाको निमित्त यस संसारबाट बिदा लिनुभयो ।

उहाँको निधन भएको ३ महिनापछि ३० दिसेम्बर १९९४ का दिन दिल्लीको उक्त विहारमा उहाँको पुण्यस्मृतिमा भव्य रुपमा भिक्षु महासंघद्वारा अहोरात्र महापरित्राण पाठ सम्पन्न गरिएको थियो । उक्त महापरित्राण पाठमा यस पंक्तिका लेखक पनि आफ्नो सहोदर दाजु भिक्षु धम्मशोभन (उपसम्पदा-१९ फरवरी १९७६ का सथ सहभागी भई महारित्राण पाठ श्रवण गर्ने सुअवसर प्राप्त गरेको थियो । यसै महापरित्राणको बेला त्यसताका महाबोधि-सभाका प्रधान सचिव भिक्षु एम. विपुलसार महास्थविर र एस. विजितधम्म स्थविरलाई पनि दर्शन गर्ने अवसर पाइएको थियो । अत: उक्त कार्यक्रम (महापरित्राण) म सहभागी हुन पाउनु यस पंक्तिका लेखकले आफ्नो जीवनको एक सौभाग्यमानेको छ ।

•

# स्तूपको ऐतिहासिक महत्व



✍ टी. वि. पुन

"स्तूप" शब्दको अर्थ खोज्दै जाने हो भने स्तूपलाई पालि भाषमा "थुब" भनिएको पाइन्छ । कपिलबस्तुको निग्लिहवामा सम्राट अशोकले राखेको पालि भाषाको स्तम्भ अभिलेखमा पनि स्तूपको चर्चा गर्दा "थुबे" शब्द प्रयोग गरिएको भेटिन्छ । स्तूपको पारिभाषिक शब्द बौद्धसँग सम्बन्धित रहेकाले बौद्ध धर्ममा "स्तूप" को ऐतिहासिक महत्व रहेको छ । बुद्धको स्मरणमा उहाँको शारीरिक अस्थिधातु वा सामग्रीहरू राखेर निर्माण गरिएको माटाको ठूला ठूला ढिस्कोलाई बौद्ध "स्तूप" भन्ने गरिन्छ । बौद्ध परम्परा अनुसार "स्तूप" त्यस्तो ढिस्को हो जहाँ सम्झना स्वरुप बुद्ध पूजा गर्ने उद्देश्यबाट निर्माण गरिएका हुन्छन् । त्यस भित्र अस्थिधातु वा बौद्ध धर्मका ग्रन्थहरू राखेर जमिनमा पुरि "स्तूप" निर्माण गरिएको हुन्छ । त्यस्तो सामग्री जमिनको बाहिरी सतहमा रहँदा हराउने, चोरिने एवं नासिने तोडफोड गरिने संभावना रहेकाले त्यस्ता संभावनाहरूको अन्त्य गर्न स्तूपहरू निर्माण गरि तिनमा अस्थिधातु र धर्मग्रन्थहरू संग्रह गर्ने परम्पराको थालनी भएको हो । बुद्धको स्मरण र उहाँको धातु संरक्षण हेतु स्तूपको उत्पत्ति र निर्माण सुरु भएको मान्न सकिन्छ ।

भगवान बुद्ध आफू महापरिनिवाण भैसकेपछि आफ्नो अस्थिधातु राखि चौबाटोमा "स्तूप" निर्माण गर्नू भन्ने आदेश आफ्ना अग्रश्रावक, भिक्षु, भिक्षुणी र उपासक उपासिकाहरूलाई दिनुभएको थियो । जसको चर्चा महापरिनिर्वाण सुत्तमा उल्लेख गरिएको पाइन्छ । भगवान बुद्ध ८० वर्षको उमेरमा भारतको कुसिनगरमा महापरिनिर्वाण भैसकेपछि उहाँको मृत भौतिक शरीरलाई अग्निदाह गरिएको थियो । अग्निदाह पछि बाँकी रहेको उहाँको अस्थिधातु (खरानी) लाई ८ भागमा विभाजन गरियो । यसरी बुद्धको अस्थिधातु प्राप्त गर्नेहरूमा कपिलवस्तुका शाक्यहरू, रामग्रामका कोलियहरू, मगध (राजगृहका) राजा अजात शत्रु, बैशालीका लिच्छविहरू, अल्लकप्पका बुलियहरू बेठदिपका ब्राह्मणहरू, पावाका मल्लहरू थिए । उनीहरूले कुशिनगरबाट प्राप्त बुद्धका अस्थिधातुलाई आ-आफुना राज्यहरूमा ल्याई गर्भभित्र राखेर बुद्धको सम्झनामा पवित्र स्तूपहरू निर्माण गरेका थिए ।

यसरी बुद्धको महापरिनिवाण पछि उहाँको शरीर अस्थि धातुलाई राखेर ८ वटा स्तूपहरू निर्माण गरिएको थियो । बुद्ध परिनिर्वाणको करिब धाइसय वर्षपछि मागधका राजा सम्राट अशोकलले ती स्तूपहरूलाई उत्खनन् गरि अस्थिधातु निकालेर ८४ हजार बौद्ध स्तूप चैत्य निर्माण र स्तम्भ (पिलर) हरू गाडेका थिए । सम्राट अशोक धर्मप्रचारको क्रममा काठमाण्डौ उपत्यकामा आई ललितपुरमा चैत्यहरू निर्माण गरेका थिए ।

बौद्ध स्तूपहरू किन निर्माण गरिन्छन् ? यसको औचित्य र प्रयोजन के छ भन्ने सन्दर्भमा कुरा गर्ने हो भने स्तूप एकातिर विश्व मानवता शान्ति र करुणाका पुजारी भगवान बुद्धको स्मरण र सम्झनाको प्रतीक हो भने अर्कोतिर बौद्ध एकता र शान्तिको प्रतीक पनि हो स्तूप बास्तुकला । त्यसैले स्तूपको बौद्ध धर्ममा ज्यादै महत्व रहेको छ । स्तूपहरू सामान्यतया ४ प्रकारका उद्देश्यहरू लिएर निर्माण गरिएका हुन्छन् ।

१) शारीरिक स्तूप-शाक्यमुनि बुद्ध वा बौद्ध धर्मका शिद्ध व्यक्तिहरूका शरीरका भागहरू राखेर बनाइएका स्तूपहरू हुन् ।

२) पारिभोगिक स्तूप- बुद्ध वा बोधिसत्वहरूद्वारा प्रयोग गरिएका सामानहरू राखेर बनाइएका स्तूपहरू हुन् ।

३) उद्देशिक स्तूप- बुद्धको सम्झनामा वा आफन्तजनहरूका मृत्युका स्मरणमा बनाइएका स्तूपहरू हुन् ।

४) धम्म स्तूप- बौद्ध धर्मग्रन्थहरू पुरेर राखि बनाइएका स्तूपहरू वा धार्मिक उद्देश्यले पूजा गर्नका लागि बनाइएका स्तूहरू हुन् ।

त्यसबाहेक बुद्धको जन्म स्तूप, बोधिज्ञान स्तूप, धर्मचक्रप्रवर्तन स्तूप, परिनिर्वाण स्तूप प्रतीकका रुपमा अन्य कैयौं प्रकारका स्तूपहरू निर्माण भएको पाइन्छ ।

बौद्ध वास्तुकलाको संरचना यसको पूर्ण बनौट आकार प्रकारलाई हेर्ने हो भने यसमा रहेका शारीरिक अंग विशेषताहरू हुन् । (१) स्तूपको पेटी हुन्छ (२) स्तूपमा गवाक्ष हुन्छ (३) स्तूपमा गर्भ हुन्छ (४) स्तूपमा हर्मिका हुन्छ (५) स्तूपमा तोरण हुन्छ (६) तूपमा त्रयोदशभूवन हुन्छ (७) स्तूपमा त्रिदण्डि हुन्छ (८) स्तूपमा छत्र हुन्छ (९) स्तूपमा गजुर हुन्छ (१०) स्तूपमा आभरण हुन्छ । आदि मिलेर सिंगो स्तूप वा चैत्य निर्माण भएको देखिन्छ । यी स्तूपका शारीरिक पूर्ण अंगहरू हुन् ।

बनावट दृष्टिले स्तूप र चैत्यमा भिन्नता देखिन्छ । स्तूप जस्तै चैत्य पनि ढिस्काको रुपमा नै रहन्छ फरक स्तूप ठूलो आकारका हुन्छन् भने चैत्य सानो आकारका हुन्छन् । सानो आकारकालई चैत्य भन्ने गरिन्छ भने ठूला आकारकालाई स्तूप भन्ने गरिन्छ । ढिस्काको स्मरण पूजा गरेर मानिसले चित्त प्रसन्न पार्ने हुनाले तिनीहरूलाई चैत्य भनिएको हो । बौद्ध ग्रन्थहरूमा अनेकौ प्रकारका चैत्यहरूका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । मानिसको चित्त शान्त पार्न निर्माण मान्न सकिन्छ । बुद्ध विहार गुम्बाहरूमा चैत्य स्थापना गरि बुद्ध पूजा गर्ने परम्परा रहेको पाइन्छ । बौद्ध धर्माबलम्बीहरूले बुद्ध पूजा गर्दा पालि भाषमा लेखिएका चैत्य बन्दना यसरी गर्ने गर्दछन् ।

बन्दामी चेतियं सब्बं, सब्बठानेसु पतिट्ठितं ।

शारिरिक धातु महाबोधि, बुद्धरुपं सकलं सदा ॥

(अर्थ: सबै ठाउँमा प्रतिष्ठित भइराखेको चैत्यहरूलाई तथा भगवान बुद्धका पवित्र धातुलाई अनि महाबोधि वृक्षलाई र बुद्धरुपलाई पनि म सँधै बन्दना गर्दछु ।) यसबाट बुद्धको स्मरण चैत्यको महत्व र महिमालई उजागर गर्दछ ।

आकार प्रकार र बनौटका आधारमा हेर्दा प्रारम्भमा आर्यहरूका चतुष्कोणकार बौद्धहरूका गोलाकार रुपमा निर्माण गरिएको स्तूप चैत्य पाइन्थ्यो । त्यसैले बौद्ध स्तूप्कहरूको बनावट सामान्यतया गोलाकार नै हुन्छन् । गोलाकार बौद्ध स्तूप परम्परागत शैलीका आधारका बनाइएका गोलाकार घुमाउने घरहरू अझैपनि नेपालका ग्रामीण बस्तीहरूमा प्रशस्त देख्न भेट्न सकिन्छन् । यसरी नै गाँउघरतिर माटा र ढुंगाबाट बटुवाहरूका लागि बसेर आराम गर्नका लागि बाटामा बनाइएका यस्तै किसिमका स्तूप आकारका ढिस्काहरूलाई चौतारो भन्ने गरिन्छ । ती चौतारोहरू कुनै गोलाकार हुन्छन् भने कुनै चतुष्कार रुपमा बनाइएका हुन्छन । प्रयोजन र विशेषतालई हेर्दा कतै चैत्यबाट शब्द अपभ्रंश भएर चौतारो बन्न गएको त होइन ? भन्न सकिन्छ । चौतारो पनि चारैतिर ढुंगामाटो वा ईटले चिनेको, अग्लो पेटीमा मानिसहरू आरामका लागि बस्ने र सुस्ताउने समेत व्यवस्था भएको ठाउँ हो, वरपिपल आदि रुखको छहारीमुनि वरिपरि ढुंगामाटो वा इटले त्यसमाथि बनाइएको पेटी सहितको अग्लो थुम्को चौतारो हो । नेपाली समाजमा गाउँघरमा कसैले धर्मकर्म पुण्य कार्यगर्दा चौतारो चिनेर वरपिपलको रुख लगाउने चलन रहेको पाइन्छ । यसको ऐतिहासिक महत्वलाई हेर्दा भगवान बुद्धले पिपलको रुख (बोधि बृक्ष) मुनि बसेर बुद्धत्व ज्ञान प्राप्त गर्नु भएको थियो । वरको रुख छहारीमा बसेर पन्च वर्गीय भिक्षुहरूलाई प्रथम धर्मोपदेश दिनु भएको थियो । तथागत बुद्धले ४५ वर्ष लामो आफ्नो धर्मप्रचारक जीवनकालमा प्राय वरपिपल रुखमुनि सितल छहारी चौतारीमा बसेर लोककल्याणका लागि बुद्धशिक्षा बाँड्नु भएका कुराहरू हामी बौद्ध साहित्यहरूमा पढ्न पाउँछौं । परम्पराको निरन्तरता स्वरुप लोककल्याण हेतु आजपनि नेपाली समाजमा स्तूप चैत्य, चौतारो निर्माण गरि वरपिपल रुख रोपेर धार्मिक कार्य गर्ने चलन नेपाली समाजमा रहिआएको पाइन्छ । सितल छहारी मुनि चौतारीमा बसेर बटुवाहरूले भारि बिसाई आराम लिइरहेका हुन्छन् । गाउँले मानिसहरू चौतारोमा भेला भइ दु:ख सुखका कुराहरू साटासाट गर्दै गफगाफमा सुस्ताइरहेका देख्न सकिन्छ ।

हाम्रो देश नेपालका बिभिन्न स्थानहरूमा प्राचीन बौद्ध स्तूपहरू रहेका छन् तर तिनका खोज अध्ययन अनुसन्धान तथा उचित संरक्षण र सम्बर्द्धन भने हुन सकिरहेका छैनन् । नेपालका ऐतिहासिक सर्वप्राचीन बौद्ध स्तूपहरूमा पुलचोक ललितपुरको अशोकन स्तूप, स्वयम्भूनाथको स्तूप, बौद्धनाथको स्तूप, कपिलवस्तुको स्तूप, रामग्रामको स्तूप आदि प्रमुख ऐतिहासिक स्तूपहरू हुन् । काठमाडौ उपत्यका तथा नेपालको उत्तरी हिमाली क्षेत्रहरूमा प्रशस्त चैत्यहरू देख्न सकिन्छ । चैत्य भन्दा ससना आकारमा निर्मित छ्योर्तेनहरू पनि यत्रतत्र भेट्न सकिन्छ । नेपालमा स्तूप तथा चैत्य बिकास निर्माणका कार्यहरू राणा शासनकालमा आएर सुस्ताएको देखिन्छ । यस समयमा बुद्ध धर्मलाई

बन्देज र धर्म अभ्यासमा रोक लगाइएकाले बौद्ध विहार स्तूपहरू निर्माणको कुनै चासो संभावना थिएन। पंचायत कालमा समेत पोखराको अनदु डाँडामा निर्माणाधीन बौद्ध स्तूपलाई भत्काइएको थियो। बौद्ध विहार स्तूप निर्माण कार्यले बौद्ध धर्मको प्रचारप्रसार भई बुद्ध धर्म अगाडि बढ्ने संभावना भएकाले बौद्ध विहार तथा स्तूप निर्माण गर्न कतैपनि अनुमति दिइएन। बरु उल्टै यस समयमा बौद्ध भिक्षुहरूलाई देश निकाला गर्ने, उनीहरूलाई हत्या हिंसा गर्ने कार्यमा लगाई बुद्ध धर्मप्रचारमा रोक लगाउने अलोकतान्त्रिक कार्यहरू प्रशस्त भएका छन्। लुम्बिनीको स्तूप निर्माण कार्यमा रातोदिन खटिरहेका जपानी भिक्षु युनाताका नावातामेको बुद्ध विहार परिशरमै विभत्स हत्या गरियो। भगवान बुद्धको जन्मस्थल लुम्बिनी र प्राकृतिक दृश्यले मनोरम पोखरामा स्थापित बौद्ध स्तूप निर्माणको तितो कथा अत्यन्तै दुखदायक र दर्दनाक छ। जसको यथार्थ मूल्यांकन भावि बौद्ध इतिहासले गर्नेनै छ।

नेपालको लुम्बिनी र पोखरामा यी बौद्ध स्तूपहरू कसको पहलमा कसरी निर्माण गरिए? भन्ने सन्दर्भमा यहाँ चर्चा गर्दा दोस्रो विश्व युद्ध सन् १९४५ मा अमेरिकाले जापानको हिरोसिमामा जब परमाणु बमले आक्रमण गऱ्यो। लाखौ जापानीहरूको जिउधनको बिनास भयो, दोस्रो विश्व युद्धको बिनासकारी विभत्स घटनालाई प्रत्यक्ष देखेभोगेका जापानी निप्पोनजान म्योहोजिका भिक्षु निचिदात्सु फुजी गुरुले विश्व रोकि शान्ति, अहिंसा, मैत्री र करुणाको सन्देश दिन विश्वभर १०० बौद्ध स्तूपहरू निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। उहाँकै प्रतिबद्धतालई पूर्ण गर्न नेपालको लुम्बिनीमा र पोखरा फेवाताल माथि अनदु डाँडामा रहेका केंहि दशक पहिले निर्माण गरिएका बिशाल विश्व शान्ति स्तूपहरू यसका सजीव उदाहरण हुन्।

स्तूप विशेष धार्मिक स्मारक हो। यस भित्र भगवान बुद्धको पवित्र अस्तु धातु राखिएको हुँदा यो पवित्र र वन्दनीय अनि श्रद्धायुक्त हुन्छ।, स्तूपलाई सबैले बिना हिचकिचाहट ढोग बन्द गर्दछन्। आजकल आफ्ना परिवारजन वा आफन्तजनका मृत्युको संझना स्मरणमा बौद्ध स्तूप चैत्य तथा छोयर्तेनहरू निर्माण गर्ने गरिएको पाइन्छ। बुद्धको संझनामा बाहेक व्यक्तिगत वा अन्य कुनै किसिमको पारिवारीक उद्देशिक हेतु प्रयोजन बनाइएका यस्ता किसिमका चैत्य वा छोयर्तेनहरू स्मरणीय हुन्छ।

भवतु सब्बमंगलम ॥॥

◆


**हार्दिक म ्गलमय शुभकामना**

अर्हत त्रैमासिक निरन्तर प्रकाशनको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

**भक्तपुर फिजियोथेरापी**

थुसाचा-८, भक्तपुर

# बुद्ध धर्म, दर्शन र संस्कृति सापेक्षिक शाक्यहरूका प्रबज्याभिषेक सम्पन्न भएको संस्मरण

## भ.न.पा.-३, वंशगोपाल



✍ तेजरत्न शाक्य

परिचय: शान्तिदेव विरचित वोधिचर्यावतारको पेज ३४२ मा उल्लेख भएको तथ्य भगवान बुद्धको शासन भनेको भिक्षुतामा आधारित हुन्छ। बुद्धको शासन भनेको नै हितलाई ग्रहण गर्नु अहितलाई त्याग्नु पर्ने कुराको देशना हो। यस्तो शासनको मूल जरो अर्थात मूल नै भिक्षुता हो।

**भिक्षुता के हो ?**

सम्यक सम्बुद्ध पेज १३ मा महाभिनिष्क्रमण (गृहत्याग) गरी बुद्धत्वको तपस्या गर्न सर्वप्रथम भिक्षुदीक्षा (प्रवज्या भिषेक) प्राप्त गर्ने अवसर हो। लुम्बिनी नेपाल मा वि.सि. ५६३ मा जन्मनुभएका कपिलबस्तुका राजकुमार सिद्धार्थले २९ वर्ष पुग्नै लाग्दा बुद्ध हुने दृढ संकल्पका साथ राज्यउत्तराधिकार, परिवार ( पुत्र राहुल, श्रीमती यशोधरा र पिता शुद्धोधन) समेत त्याग गरी वनान्तर हुनु भयो। त्यसै क्रममा राज्यसीमा पार गरेर जाँदा बाटोमा एक नदी आयो। त्यस नदीको नाम अनोभा भनी सुन्दा त्यसो भए मेरो गृहत्यागपनि अनोम ( उत्तम) हुने छ भनी कन्थक घोडालाई इशारा गर्नासाथ कन्थकले उफ्रियर नदी पार गऱ्यो। त्यसपछि सिद्धार्थले आफ्नो राजकीय पोशाक, गहना उतारेर छन्दकलाई दिन्दै कन्थक सहित दरवार फर्किन र गृहत्यागको समाचार सुनाउन भन्यो। त्यहाँ आफैले देब्रे हातले केश समातेर दाहिने हातले तरवार समातेर केश काट्यो अर्थात प्रवज्याभिषेक(चुडाकर्म) गऱ्यो। त्यसरी भिक्षु भै सम्यक संम्बोधि ज्ञान प्राप्त गर्ने अठोटका साथ तपस्यामा रहनु भयो।

सम्भवत त्यस समयदेखि प्रज्याभिषेक (चुडाकर्म) प्राप्त गर्ने अवसरको रुपमा जस्तो उदाहरण "विश्वमा बुद्धधर्म" ग्रन्थमा उल्लेख भए अनुसार श्रीलंका, चीन, वर्मा, थाइल्याण्ड, कम्बोडिया, लाओस, भियतनाम, जापान,

मंगोलिया, कोरिया, तिव्वत, नेपाल, भुटान, भारत, वंगलादेश, सिक्किम, लद्दाख देशहरूमा यसरी प्रव्रज्या संवर (नियममा प्रतिबद्ध) भएबाट उल्लेखित १४ देशहरूका स्थायी भिक्षुहरू (गृहस्थी संस्कार) मुक्त निर्वाण लाभि (अरहत) भएकाहरूबाट विश्वको ८ अर्ब पुग्ने जनसङ्ख्या चाप (जनसङ्ख्या बृद्धि) मा न्यूनिकरण गरी वातावरण सन्तुलनमा राख्ने सकारात्मक पहल हुने देखिन्छ। उक्त १४ देशहरूमा रहने जो सुकै धनी-गरीव राजा-प्रजा सबै बुद्धधर्ममा आस्था राख्दै केहि दिन भिक्षु बन्नुपर्ने नियममा अनिवार्यता बाँधिएको पाउँछौं। यसबाट शिद्धार्थले गृहत्याग गरी प्रवज्याभिषेक (भिक्षुता) प्राप्त गरेको संस्मरण गराइन्छ।

सम्यक सम्बुद्ध पेज २१४ मा उल्लेखित शाक्य:उत्पति र कपिलवस्तु राज्यका शाक्यहरू गौतम बुद्धका वंशज शाक्य हुन सक्ने मान्दछन्।

संभवत: बुद्ध शिक्षाकै अनुशरण गरेको रुपमा भिक्षु बन्नुपर्ने विनय (नियम) अन्तरगत भिक्षु परिपाटीसँगै स्थायी रुपमा भिक्षु भएका थिए। संगठीत भिक्षु संघ होलान। इतिहासकारहरूका कथनअनुसार कालान्तरमा नेपालमा जयस्थिति मल्लको राज्यकालमा ती भिक्षुहरूलाई जवरजस्ति भिक्षु बस्त्र (चिवर) फेर्न लगाएर गृहस्थमा बस्न बाध्य पारेको, जोर जुलुम गरेको भन्ने जानकारीमा आएको छ।

त्यसपछि मात्र चुडाकर्म गर्ने परिपाटी प्रवज्याभिषेक संस्कारलाई औपचारिकतामा मात्र भएपनि नेपाल अधिराज्यमा जहाँ जहाँ शाक्यहरूका वाक्लो वस्ति रहेको ठाउँमा बौद्ध विहार स्थापना गरी प्रवज्याभिषेक (चुडाकर्म) संस्कारलाई अद्यावदीक सम्म कायम राखेको पाइन्छ।

**भ.न.पा वडा नं ३ वंशगोपाल अवस्थित जेत वर्णमहाविहार परिचय**

यस विहारको पूर्व दक्षिण विष्णुमठ/ वंशगोपाल भजनघर पश्चिम तेखापुखु/भार्वाच्व जाने सडक, उत्तर दोकछे तापालाछि सडक यो विहार स्थापना गर्न गुणसिंहदेव शाक्यले धेरै नै परिश्रम गरी ने.सं ७५२ देखि ने.सं ७५४ सम्ममा विभिन्न व्यक्तिहरू संग जग्गा किनेको प्रमाण सहितको ताडपत्र ७-९ मा उल्लेख भएको छ। यसरी भव्य रूपले स्थापित यस जेत वर्ण महाविहार शुरुको अवस्थामा परिवर्तन आइसकेको छ। वर्तमानमा सबैको नजरमा साक्षात्कार हुने गरी माझमा वज्रधातु चैत्य स्थापना भएको थियो। उक्त चैत्यको चारै तर्फको कोणमा हिरण्य वर्ण महाविहारकै स्वरुप झल्किने गरी ढलौटका साना साना सिंह , सार्दुल मेघ र कुंसुरु राखेको देखिन्छ। चैत्यका चारैतिर बत्तिबाल्न दल्लु ( दीपमाला) ले घेराबन्दि गरेको छ। यो दल्लुमा ने.सं ९०७ लक्ष्मीनरसिंह र लक्ष्मी थकुंको शालिक (प्रतिमा) राखेको देख्न सकिन्छ। यसै विहारको दक्षिण/पश्चिम कोणमा नित्यस्नानको लागि इनार अद्यापि छ। यसैको पू.द. तिर क्वापाद्य स्थापित छ। क्वापाद्यसँगै एउटा स्तम्भ चैत्य महायानी भिक्षु ज्ञानकाजी बाट स्थापना भएको थियो। नीजले नै यस नगरमा यत्रतत्र छरिएर रहेका चैत्यहरूको जिर्णोद्धार कार्य सम्पन्न गरेका

थिए। पश्चिमा अभिमुख अमितांभ बुद्धको अगाडिका ढलौटका २ वटा साना साना सिंह पनि नीज ज्ञानकाजी शाक्यले राखेको भनी नाउँ रहेको छ। यस स्तम्भ चैत्यको उत्तरमा देवता लोकेश्वरको मन्दिरका दाता सानुमान 'निवा' शाक्य हुनुभएको थाहा भएको छ। यस लोकेश्वर र क्वापाद्यको दायाँ बायाँको ढलौटका २ वटा ठूलो सिंहका दाता प्रयाग बुद्धाचार्यले ने. सं १०१९ मा स्थापना गरिएको थियो।

यो विहार स्थापना भएको दिन र मिति ने. सं ७५४ तछलाथ्व पंचमी भएको जानकारिमा आएको छ। मेरो सम्झनामा भक्तपुर टुरिष्ट गाइड/भ.न.पा. को ब्रोकर, नक्सा सहितले भक्तपुर नगर क्षेत्रको पर्यटकीय महत्वको सम्पदाहरू महत्वपूर्ण स्थानहरू जनजीवन वसाइ घरको निर्माण शैली इत्यादि महत्वपूर्ण नै छन्। त्यसमध्यमा त्यही गाइडबूक र ब्रोकरमा निवाहा (निवा–वहा) भनेर पनि उल्लेख पाइन्छ। सो पता लगाएर टुरिष्टहरू भ.न.पा. वडा नं ३ वंशगोपाल स्थित जेतवर्ण महाविहारमा प्रत्येक हप्ता नविराई पर्यटकहरू सो विहार प्रवेश गरी अध्ययन अवलोकन गर्ने गरिएको र फोटो खिची लग्ने गरेको पाइन्छ।" निवा भनेको भक्तपुर दरवार स्क्वायर 'लायकू' मा प्रदर्शित हुन्दै आइरहेको विश्व प्रशिद्ध सुवर्णद्वार बनाउन इतिहास कालमा ललितपुर नागवहाल-इतिल्हने का गुणसिंह देव जो सुवर्णद्वार बनाउने कालिगड सीप भएको, विभिन्न धातु सुन, चाँदी, तामा, पित्तलमा देवताहरूको प्रतिमा (मूर्ति) कुड्ने (कतां कियगु) बुट्टा भर्ने कालिगडीसीपमा पोख्त भएकाहरूलाई 'निवा' भन्ने उपनामले संबोधन गर्ने गरिएको छ।

भक्तपुर नगरक्षेत्रमा आउने पर्यटकहरूले 'नेवा' भन्नाले सायद तिनीहरू ललितपुरबाट भक्तपुरमा MIGRATION & SETTLEMENT भएकाहरूका अद्यावदीक अवस्था जस्तो तिनीहको वंशज, सीपसमेतको बसाइ र वर्तमान कस्तो हालतमा छ। यसैलाई पनि Anthropology study को रुपमा high light हुनसक्छ।

त्यस Anthropology मा भक्तपुर नगरक्षेत्रका 'निवा' niva ethinicity,niva Religion र निवा Niwa Cultures जुन आरतिगुथी निवा संघको रुपमा वर्तमानमा हामीहरूले निवा शाक्य कम्यूनिटी र कम्यूनिटी डेभलपमेण्टको रुपमा निर्वाह गरि राखेका छौं।

**नेपालमा प्रचलित चुडाकर्म विधिसंस्कार र त्यसको पृष्ठभूमि**

साँचै बज्रयानको चुडाकर्म युक्त संस्कार प्रवज्याभिषेकले गर्दा नेपालका शाक्यहरू अरु नेवार भन्दा बेग्लै सम्मानित एवं उच्च स्थान ओगतेका छन्। जानकारीमा आए अनुसार जयस्थिति मल्ल देखि राणाकाल सम्म अरु नेवारले वाहुनको खुट्टा ढोग्नु पर्दथ्यो भने शाक्यहरूले त्यसरी शीर निहुऱ्याउन पर्दैनथ्यो। शाक्यहरू मध्य पनि उनीहरू भन्दा बज्राचार्यहरूले पाँचवटा (नामाभिषेक, घण्टा भिषेक, वज्राभिषेक, मुकुढा भिषेक र कलशाभिषेक) वज्रयानका विधि पुरा गर्ने भएकोले पुरोहित एवम् गुभाजु हुन पाएका हुन्। उनीहरू वज्रयान विधि अनुसार पूजा

विधि शान्ति स्वस्ति इत्यादि कर्मकाण्डि संस्कार समेतको कामकाज गर्ने भै पुरोहित वर्गको रूपमा मानिएका हुन् । यसकारण परम्परागत वज्रयानको प्रवज्याभिषेक विधि संस्कार एउटा त्यस समयदेखि आज पर्यान्त औचित्य आवश्यकता पूर्तिको लागि प्रचलनमा ल्याइरहेको मान्न सकिन्छ । नेपालमा विद्यमान चुडाकर्म एवम् प्रवज्याभिषेक विधिको पृष्ठभूमि अध्ययन गर्दा १२, १३ शताब्दिमा भारतमा मुसलमानहरूबाट हमला भएपछि बुद्ध धर्म संकटमा पऱ्यो । त्यसको असर नेपालमा पनि पऱ्यो । त्यतिबेला थेरवाद र महायान दुवै लुप्ट प्राय थियो । तर वज्रयानले यस्तो चलाखि पूर्ण ढंगले आफ्नो अस्तित्व रक्षा गऱ्यो कि त्यसले गर्दा नेपालमा बुद्धधर्म थिएन भन्नु परेन । त्यो पद्धति हो वज्रयान अर्न्तगत सम्पन्न गर्ने नेपालको प्रवज्याभिषेक संस्कार विधि हो । यस्तो प्रवज्याभिषेक (श्रामणेर) बनाउने संस्कार "विश्व मा बुद्ध धर्म" ग्रन्थअनुसार श्रीलंका, चीन, वर्मा थाइल्याण्ड, कम्बोडिया, लाओस, भियतनाम, जापान, मंगोलिया, कोरिया, तिब्वत, भुटान, सिक्कीम, लद्दाख, इत्यादि मुलुकमा जोसुकै धनी गरीव, राजा प्रजा सबै बुद्धधर्ममा आस्था राख्दै केहि दिन भिक्षु बन्नुपर्ने नियममा अनिवार्यता बाँधिएको पाउँछौ । यसबाट सिद्धार्थले गृह त्याग गरी प्रवज्याभिषेक (भिक्षुता) प्राप्त गरेका संस्मरण गराइन्छ ।

यसरी प्रवज्यासंवर (नियममा प्रतिवद्ध) भएबाट उल्लेखित १४ देशहरूका स्थायी भिक्षुहरू- गृहस्थी संस्कारबाट मुक्त निर्वाण लाभि (अरहत) भएकाहरूबाट विश्वको ८ अर्वपुग्ने जनसङ्ख्या चाप (जनसङ्ख्या बुद्धि) मा न्यूनिकरण गरी वातावरण सन्तुलनमा राख्ने सकारात्मक पहल हुने देखिन्छ ।

भ.न.पा.वडा नं ३ वंशगोपाल अवस्थित जेतवर्ण महाविहारमा आरती गुथी निवा संघको आयोजनामा नवौं पटकको सामुहिक प्रवज्याभिषेकमा सो अर्न्तगत २ १, वर्षदेखि ११ वर्षसम्मका कुलपुत्रहरू, क्रमश रुनित, अंशु, न्हुज, प्रनम, एलिभन, सर्वज्ञ, अरहत, रिदिप, उपलक्ष्य र प्रनभ गरी जम्मा ११ जना समावेश भएका थिए । तिनीहरूलाई २०७८ चैत्र १९ गते विहान ७ बजे दुस्व र २०७८ चैत्र २० गते बिहान ७ बजेदेखिको प्रवज्याभिषेक पूजाविधि सम्पन्न भएको थियो ।

**प्रवज्याभिषोक विधि-पहिलो दिन-न्वेदां तयेगु २०७८।१२।१९ बिहान ७**

सर्वबुद्ध नमस्यामि धर्मञ्च जिन भाषितम ।
संघ शील सम्पन्न रत्न त्रयं नमस्तते ॥
प्रवज्या ग्रहणार्थाय युष्माकं पूजनायच ।
निमन्त्रयामि युष्मभ्यं पूर्ण ताम्बुलादि ॥

भावार्थ : सम्पूर्ण बुद्धहरूलाई नमस्कार गर्दछु । बुद्ध भाषित सवै धर्मलाई पनि नमस्कार गर्दछु । संघलाई पनि नमस्कार गर्दछु । शील सम्पन्न भइ त्रिरत्नलाई नमस्कार गर्नुको साथै प्रवज्याग्रहण गर्नु पूर्व विधि पूर्वक पान सुपारी धुप दीप गन्ध नैवैद्य चढाइ प्रवज्याको लागि अग्रीम निमन्त्रणा गर्दछ । त्यसपछिका दिन सवै प्रवज्याभिषेकमा सहभागी कुलपुत्रहरूलाई विहारमा लगि दुस्वको पूजा गरीन्छ । त्यसरी २०७८ चैत्र १९ गते दुस्व गरिएको थियो । त्यो दिन मुलाचार्यले

केटाहरूका टुप्पीमा सुनको टुक्रा झुण्ड्याइ दिएको थियो । मिति २०७८ चैत्र २० गते गुरूजुहरूले गुरु मण्डल पूजाबाट शुरु गरिएको थियो । पंचशील प्रदान गरियो । नापितद्वारा टुप्पी बाहेक सबै कपाल खौरेको र ती केटाहरूको केश आ-आफ्ना फुफुहरूले थाय्भूमा थापी तीर्थमा लग्दा नाय्बाजाका साथ तिर्थ गएर फर्केका थिए । उक्त दिन सो प्रवज्याधिषेकमा पुरोहित गुरुजुहरू ४ जना र १ जना गुरु मां सहित पूजामा व्यस्त थिए । बाँकी काम कुलपुत्रहरूका केश खौरी सकेपछि मुलाचार्य र अरु ४ जना समेत गरी पंचस्थयबिरहरू भै कलश जल अभिषेक गरिएका थिए, त्यसपछि चिवर पहिराइ बाँया हातमा खिखिरिका दाँया हातमा पिण्ड पात्र सहीत उभ्याइ बाटोमा ७ वटा सुपारी र दक्षिणा लहरै राखेका भुँइमा टेक्न लगाई क्रमशः सात पाइला हिडाउँदा देवछत्र सहितले क्वापाद्य दर्शन गर्न लगेको थियो । त्यसपछि प्रवज्याभिषेक विधि पूर्ण भएको थियो ।

सोहि विहारबाट बाहिर, लायकू त्यसपछि टौमढीबाट पश्चिम तर्फ आइ कुलदेवता स्थानमा आउने गरी प्रवज्याभिषेकबाट सुशोभित श्रामणेरहरू लहरैसँगै कलश समाउने नायबाजा, गुँला बाजा बजाई दिपंकर बुद्ध सहितको नगर परिक्रमा गराइएको थियो ।

साभारः-

विश्वमा बुद्ध धर्म- धर्मरत्नशाक्य त्रिशुली

सुगतशन्देश- प्रकाशक नेपाल बौद्ध परिषद ललितपुर

रिपोटिङ : तेजरत्न शाक्य

◆

हार्दिक शुभकामना

अर्हत त्रैमासिक निरन्तर प्रकाशनको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

युथ सेलेक्सन

पांडुबजार, सूर्यविनायक, भक्तपुर

# मानव समाजको विकास २

## पूँजीवादी समाज

✍ सं. चन्द्रबहादुर उलक

सामन्तवादी समाजमै घर-घरमा धागो काट्ने, कपडा बुन्ने, भाँडाकुँडा बनाउने जस्ता स-साना उत्पादनका कामहरू हुन्थ्यो । स-साना व्यापारी साहु-महाजनहरूले ती मालसामानहरू जम्मा गर्थे र बजारमा बिक्री गर्न लान्थे । ती मालसामानहरू देशको बाहिर पनि बेच्न लैजान्थे । मालतालहरूको माग बढ्दै गयो । व्यापारीहरूले नाफा कमाउँदै गए । तर ती स-साना कालीगढहरू र ज्यासलहरूबाट चाहेको जस्तो र भनेको मात्रामा सामानहरू पुऱ्याउन सक्दैनथे । त्यस्तो अवस्थामा व्यापारीहरू आफैले साना-तिना कारखानाहरू खोल्न थाले । ती कारखानामा कामदारहरूलाई ज्यालादारी अथवा ठेक्काको रूपमा काम गराउँथे । ती कारखानामा अलग-अलग मजदुरलाई अलग-अलग काम दिइन थाल्यो । उदाहरणको निम्ति एउटा मेच बनाउनु छ भने एक जना मजदुर करौतीले काठ चिर्छ । अर्काले मेचको पछिल्ला खुट्टा बनाउँछ । अर्कोले अगाडिको खुट्टा बनाउँछ । अकार्ले पछाडीको अडेसा र अर्कोलै वस्ने पाटो बनाउँछ । अर्कोले रंग लगाउँछ, अर्कोले मेच जोडछ र पालिस लगाउँछ । यस्तो कामको भाग वण्डालाई 'श्रम विभाजन' भनिन्छ । कारखानाहरूमा श्रम विभाजन लागू गर्न थाले । त्यसले कम समयमा सस्तो, राम्रो र धेरै मालसामान तयार हुन्थ्यो । जति जति माग बढ्दै गयो, उति उति मालसामानहरू पनि तयार हुँदै गयो । उत्पादन गराउने मालिकहरू पनि उहि रुपमा धनी हुँदै गए । कारखानालाई पनि ठूलो पार्दै लगे । यसरी सामन्तवादी समाजको गर्भमा पूँजीवादको जन्म भयो ।

सामन्तहरूले बढ्दै गएको व्यापार र उद्योगमा धेरै करहरू लगाउँथे । अनेक बाधाहरू दिन्थे । आर्थिक कारणले गर्दा समाजमा पूजीपति वर्गको प्रभाव बढ्दै गयो । तर सामाजिक र राजनैतिक रुपले तिनीहरूलाई सामन्तहरूले हेला नै गर्थे । यसकारण उठ्दै गएको पूँजीपति वर्गले राजनैतिक अधिकारको आवश्यकताको महसुस गर्न थाले । यसरी सामन्त र पूँजीपति वर्गको बीचमा भिडन्त शुरू हुन थाल्यो । त्यसमा परिवर्तन चाहने र असन्तोष सामन्तले पूँजीवादी वर्गलाई साथ दिन्थे ।साधारण जनता सामन्तवादबाट दवाइएका हुन्थे । त्यसकारण जनता सामन्तहरूको विरोध गर्थे । मजदुर वर्गको सम्बन्ध पूँजीपति वर्गसंग रहेको हुन्थ्यो र ती दुबै वर्गलाई सामन्तहरूले थिचो मिचो गर्थे । यस हिसाबले सामन्तवाद दुबैका साझा दुश्मन थियो । ठाउँ

ठाउँका सामन्त र जमिन्दारले किसानहरू माथि सान्है थिचो मिचो गर्थे । वेठ-वेगारी लिन्थे । अति अत्याचार गर्थे । यस कारण सामन्तवादको बिरोधमा असंतोष बढ्दै गयो । त्यसको नेतृत्व पूँजीपति वर्गले गर्‍यो । पूँजीपति वर्गले राजा महाराजाको बिरोध गर्दा राजा महाराजाले भन्थे- "राजाको विरोध गर्नु इश्वरको विरोध गर्नु हो । राजा इश्वरको प्रतिनिधि र अवतार हुन् ।' पूँजीपति वर्गले भन्थे-'इश्वर भन्ने कुरा झुठो हो । जो देख्न र अनुभव गर्न सकिन्छ, त्यो मात्रै सत्य हो । राजा र धर्मका पूजारीहरू मिलेर जनतालाई ठग्न र चुस्न इश्वरलाई बनाएका हुन् । भौतिक भनेको छुन र अनुभव गर्न सकिन्ने वस्तु हो । नदेखिने, छुन नसकिने, अनुभव गर्न नसकिने इश्वर जस्तो कुरालाई नमान्ने हेराईलाई 'भौतिकवादी सिद्धान्त' भन्दछन् । अर्को शब्दमा त्यसलाई 'नास्तिक सिद्धान्त' पनि भन्ने गर्छन् । पूँजीपति वर्गले त्यस विचारलाई खुब प्रचार गर्‍यो । विद्रोह गृह युद्धमा परिणत हुन्थ्यो । सामन्तहरू हार्थे । पूँजीपति वर्गले शासन सत्ता कब्जा गर्थे । जनताले राजालाई प्राण दण्ड दिन्थे । यसरी सामन्तबाद ओरालो लाग्दै गयो ।

पूँजीवादी क्रान्ति सबभन्दा पहिले बेलायतमा ३५० वर्ष अधि सन् १६४० मा भयो । जनताले राजा चार्ल्स पहिलोलाई प्राण दण्ड दियो । गाँउ-गाँउको भू-दास प्रथा र वेठ बेगारी समाप्त गर्‍यो । खेतीमा ठूलो आकारको पूँजीवादी खेती शुरू गर्‍यो । त्यस्तै फ्रांसमा सन् १७८८ मा पूँजीवादी क्रान्ति भयो । फ्रांसेली जनताले राजा लुई सोह्रौं तथा उसका परिवारलाई ज्यान सजायँ दियो ।

पूँजीपति वर्ग शासन सत्तामा आएपछि बन्द-व्यापार र कलकारखाना माथि लगाई राखेको छेकवारलाई हटाई दियो । बन्द-ब्यापार र कलकारखानाको विकास गर्न प्रोत्साहन दियो । उत्पादन छिटो, धेरै र सस्तोमा बढाउन कलकारखाना झन्झन् ठूल-ठूलो हुन थाल्यो । नयाँ नयाँ मेशीन या कल-पूर्जा बनिन थाल्यो । त्यस कलपूर्जाले १०-१५ जना ज्यामीको काम एकै जना ज्यामीले गर्न सकिने भयो । पूँजीपति वर्गले कारखानामा कलपूर्जा लगाउँदै गयो । यसले छिट् छिटै र सस्तोमा धेरै धेरै सामान बनाउन सकियो । कारखानाको चारैतिर बस्ति बसाल्न थालियो । गाँउ र साना सहर ठूल-ठूला सहरमा फेरिन्दै गयो । बाटो घाटो र बैंकको विकास भयो । मजदूरहरूको संख्या धेरै बढ्यो । यसलाई "औद्योगिक क्रान्ति" भनिन्छ । औद्योगिक क्रान्तिले पूँजीवादी व्यवस्था झन् विकास भएर गयो ।

पूँजीवादी व्यवस्था भौतिकवादी सिद्धान्तमा आधारित हुन्छ । त्यस सिद्धान्तले इश्वर तथा अन्ध-विश्वासलाई मान्दैन । शिक्षा जनतासम्म पुग्यो । भूत प्रेत र पुराना संस्कारहरू माथि जनताको विश्वास घट्न थाल्यो । विज्ञानको प्रचार बढ्दै गयो । ऐन-कानूनको अगाडि सबै जनता समान हुन्छ भन्ने सिद्धान्त मानियो । जनताका छोरा-छोरी ठूल-ठूला पद र पल्टनमा पुग्न पाउने भयो ।

तर पूँजीपति वर्गको प्रतिनिधित्व शासन सत्तामा आएपछि तिनीहरूको आफ्नै स्वार्थ सिद्ध गर्न मात्र लागे । तिनीहरूले थोरै ज्याला दिएर

मजदुरहरूलाई धेरै काम गराउन थाले । यसकारण पूँजीपति वर्गले धेरै नाफा कमायो । नाफा पाएको धनलाई कारखानामा लगाउँथे । अनि कारखाना झन्झन् ठूलो हुँदै जान्थ्यो । देशका सबै पैसा केही ठूला पूँजीपति वर्गको हातमा पुग्यो । स-साना पूँजीपति वर्गलाई ठूलठूला एकहटि गर्ने पूँजीपति वर्गले खाई दियो । ठूलो माछाले सानो माछालाई खाए सरह भयो । ती ठूला एकहटि गर्ने पूँजीको बन्दोबस्तलाई "एकाधिकार पूँजी" भनिन्छ ।

साधारण जनतासँग आवश्यक बस्तुहरू किन्न पनि पैसा हुँन्दैनथ्यो । सबै सम्पति केही व्यक्तिको हातमा पुग्दा एकहट्टि पूँजीपतिहरू नाफा बढी कमाउन बजारको मात्रा भन्दा बढी मात्रामा उत्पादन गर्थे । यसरी मनपरी उत्पादन गर्ने भएकोले बजारमा झन्झन् माल-सामान थुप्रिन्थ्यो । माल सामान बिक्री नभई कारखाना बन्द गर्नुपर्ने अवस्था आउँथ्यो । काम-काज र व्यापार बन्द हुन्थ्यो । कारखाना बन्द हुने बेला मजदुरहरूले ज्याला पाउँदैनन् र मजदुरहरू बेकार हुन्थे । कामबाट निकालिन्दै जान्थे । एकपछि अर्को कारखाना बन्द हुन्थ्यो । जनताको किन्ने शक्ति सिधिन्थ्यो । जनता भोक भोकै मर्न थाल्थे । मालसामान झनझन गोदाममा नै थुप्रिन्थ्यो । धेरै दिनसम्म मालसामान गोदाममा नै राखी छाड्दा बिग्रने र नोक्सान हुने गर्थ्यो । यस्तो स्थितिलाई "आर्थिक संकट" भनिन्छ । पूँजीवादको विकास भएको देशमा आर्थिक संकट साला खाला १० वर्षमा एक चोटि हुन्छ । आर्थिक संकटको बेलामा कामदार जनताको अवस्था साह्रै कष्टपूर्ण हुन्छ । बेकारी र भोकले तिनीहरू रिसाउँछन् । सबै एक हुन्छन् । हुलका हुल मजदुर र किसानहरू मिलेर पसल र गोदामहरूमा धावा बोल्छन् । लुट-मार गर्छन् र बाँडी चुँडी खान्छन् । यसरी हरेक आर्थिक संकट सँगसँगै आफ्नो स्थिति बदल्न मजदुरहरूको आन्दोलन र विद्रोहहरू हुन्छन् । बेलायत, फ्रांस, जर्मनी आदि विभिन्न पूँजीवादी देशहरूमा ठूल-ठूला मजदुर आन्दोलनहरू भए । तिनीहरू पूँजीवादी व्यवस्थालाई नै पल्टाएर आफ्नो शासन ल्याउन एकपछि अर्को आन्दोलन र विद्रोहहरू गर्थे ।

शुरु शुरुमा मजदुरहरू पूँजीपति वर्गसँग एक्ला दुक्लै संघर्ष गर्थे । पछि पछि एउटा कारखानाका मजदुरहरू मिलेर संघर्ष गर्न थाले । अनि एकै ठाउँ र एउटै व्यवसायमा काम गर्ने सबै मजदुरहरू मिलेर सिधै आफूलाई शोषण गर्ने खास पूँजीपतिको विरोधमा संघर्ष गर्न थाले । त्यसबेला मजदुरहरू पूँजीवादी व्यवस्थाको विरोधमा लड्न जान्दैनथे । तिनीहरू उत्पादनका साधन मेशिन र कलकारखानाको विरोधमा लड्थे । तिनीहरू आफ्नो श्रमसँग हान्-थाप गर्ने विदेशी वस्तुहरूलाई ध्वस्त पार्थे, मेशिनलाई नष्ट गर्थे र कारखानामा आगो लगाई दिन्थे । विति सकेको पुरानो मध्ययुगको ज्यासलले कामदारको स्थितिलाई कायम राख्न खोज्थे । सन् १८११ देखि १८१५ सम्म बेलायतका मजदुरहरूले मेसिन फोर्ने र कारखानामा आगो लगाउने संघर्ष गरेका थिए । त्यस आन्दोलन 'लुडाइट आन्दोलन' को नामले प्रसिद्ध छ । लुडाइट आन्दोलनकारीहरूको संगठन गुप्त

हुन्थ्यो । तिनीहरू भेष बदलेर कल-कारखाना ध्वस्त गर्थे र व्यक्तिगत रुपले साह्रै अत्याचारी पूँजीपतिहरूको ज्यानै लिन्थे । सरकारहरूले नयाँ नयाँ ऐन कानून बनाएर त्यस आन्दोलनलाई निर्दयता पूर्वक दवाई दिन्थे । कल-कारखाना बिगार्नेहरूलाई ज्यान सजायँ दिन्थे । यसरी त्यो आन्दोलन दबियो ।

मजदुरहरू अब विस्तारै ज्यालाको दर बढाउन संघहरू बनाउँदै गए । संघर्ष गर्न संगठनलाई स्थाई बनाउन लागे । ती संगठनहरू मार्फत जहाँ तहाँ संघर्षले बिद्रोहको रुप लिन थाल्यो । सन् १८३१ मा फ्रांसको लियोन शहरका ३० हजार जुलाहा (कपडा बुन्ने) मजदुरहरूले विद्रोह गरे । ३ दिन सम्म सरकारी सेनासँग भिडन्त गरेर सहरलाई कब्जा गरे । सहर १० दिनसम्म मजदुरहरूको कब्जामा रह्यो । तर सहर कब्जा गरे पछि के गर्ने भन्ने कुनै योजना र उद्देश्य थिएन । उता राजधानी पेरिसबाट थुप्रै सेना आईपुग्यो र आन्दोलनलाई दवाइ दियो । तर सन् १८३४ मा लियोनका मजदुरहरूले फेरि विद्रोह गरेर १ हप्ता सम्म सहरलाई आफ्नो कब्जामा राखे । त्यस विद्रोहमा मजदुरहरूले क्रान्तिकारी वर्गसँग मिलेर 'गणतन्त्र' को नारा दिए ।

सन् १८४० मा बेलायतका मजदुरहरूले 'माग पत्रको आनदोलन' शुरू गरे । तिनीहरूले देशब्यापी मजदुर संगठन बनाए । जनसभा, प्रदर्शन र पर्चाहरू गरेर आफ्नो मागहरूलाई लोकप्रिय बनाए । सन् १८४२ मा ३० लाख मजदुरहरूले आफ्नो माग-पत्रमा सहीछाप गरेर सरकारमा पेश गरे । पूँजीपतिवर्गको सरकारले मजदुर वर्गको त्यस मागपत्रलाई लत्यायो र आन्दोलनलाई दवाई दियो । सन् १८४४ तिर जर्मनीको सिलेसिया भन्ने जिल्लामा ज्वान जिगर भन्ने एक सान्है अत्याचारी पूँजीपति थियो । त्यस इलाकाको जुलाहा मजदुरले त्यसको विरोध गरे । त्यो विरोध एक बिद्रोहमा फेरियो । धेरै दिन पछि मात्रै सरकारी सेनाले त्यस विद्रोहलाई दवाउन सक्यो ।

आफ्नो देशको आर्थिक संकट हलुका पार्न पूँजीवादी देशहरूभन्दा कम विकसित वा कमजोर देशहरूमाथि थिचोमिचो र आक्रमण गर्दछन् । यसरी अर्काको देशमा गरिने लुटपाट र डकैती नीतिलाई 'साम्राज्यवादी नीति' भनिन्छ । बेलायत, फ्रांस, पुर्तगाल,बेल्जियम, स्पेन आदि देशहरूले एशिया, अफ्रिका र अमेरिकामा पनि यस्तै साम्राज्यवादी नीति लिएका थिए । संयुक्त राज्य अमेरिका र रुसले पनि यस्तै गरे ।

साम्राज्यवादीहरूले अरु देशमाथि सैनिक रुपले कब्जा गर्थे । पछि त्यस देशमा आफ्नै शासन चलाउँथे । त्यहाँ आफ्ना देशका मानिसहरू लगी बसोवास गराउँथे । यसरी तिनीहरू त्यस देशलाई आफ्नो तखतमा राख्थे । तखतमा परेका देशलाई 'उपनिवेश' भनिन्छ । र अर्काको देशमा हुकुम चलाउने नीतिलाई 'उपनिवेशवादी नीति' भनिन्छ ।

त्यस नीतिको समर्थकलाई 'उपनिवेशवादी' भनिन्छ । उपनिवेशवादले उपनिवेशको बजार, बैंक, बाटो-घाटो आदि आर्थिक क्षेत्रहरू माथि कब्जा जमाउँछ । उपनिवेश बनेको देशमा मजदुरहरू जन्मन थाल्छन् । बिस्तारै राष्ट्रिय

पूँजीको पनि विकास हुन थाल्छ । मतलब त्यही देशका साहु -महाजन र ब्यापारीहरू पनि अगाडि बढ्न थाल्दछ । बैंक, बाटो-घाटो विकास हुन थाल्दछ । यातायातका साधनहरू विकास हुँदै जान्छ । स-साना कल-कारखानाहरूको विकास पनि हुन थाल्दछ । ज्यामी लगाएर ठूल-ठूला आकारको पूँजीवादी खेती हुन थाल्दछ । त्यस फार्ममा सुति, कपास, उखु, रबर, जस्ता कल-कारखानाको लागि चाहिने काँचो बस्तुहरूको उत्पादन गराइन्छ । त्यहाँ विज्ञानको प्रचार-प्रसार हुन थाल्दछ । पूँजीवादी देशको शिक्षा तथा संस्कृतिको प्रचारले त्यहाँका जनताले पनि नयाँ-नयाँ ज्ञान लिन्छन् । अरु देशको बन्धन र थिचो-मिचोमा रहनु परेको हुनाले त्यहाँका जनतामा राष्ट्रिय भावनाको लहर उठ्न थाल्दछ । अनि उपनिवेशवादीहरूको बिरोधमा उपनिवेशका जनताहरूले क्रान्ति गर्न थाल्दछन् ।

यस प्रकार एक पूँजीवादी देशका शासक वर्ग दुईमुखे चपेटमा पर्दछन् । एकातिर घरका मजदुर र किसानहरूको विद्रोहले मार खान्छन् । अर्कोतिर उपनिवेशका जनताको स्वतन्त्र आन्दोलनको मार खान्छन् । हरेक आन्दोलन, संघर्ष र विद्रोहबाट जनताले नयाँ नयाँ शिक्षा हासिल गर्छन् । शासक वर्ग नयाँ नयाँ अपराधहरूमा फस्दै जान्छन् र निर्बलियो हुँदै जान्छन् ।

**समाजवादी विचारको उदय**

औद्योगिक क्रान्तिले पूँजीवादलाई छिटो विकास गऱ्यो । यसरी पूँजीपति वर्गले किसानहरूको गाँउमा स-साना खेतीलाई खतम गरेर ठूल-ठूला आकारको खेती शुरू गर्न थाल्यो । किसानहरू जग्गाबाट निकालिन थाले । मेशिन र ज्यामी लगाएर खेती गर्न लागे । घर-खेत विहिन भएका किसानहरू शहर तिर लागे । पेटको निम्ति तिनीहरू कारखानामा मजदुर हुन वाध्य भए । तर पछि नयाँ नयाँ कलहरू आविष्कार हुँदैगयो । १०० जना मजदुरहरूले गर्ने काम मेशिनको सहायताले एकजना मजदुरले गर्न थाल्यो । यसरी पूँजीपति वर्गले नयाँ नयाँ मेशिनहरू राखेर हजारौं हजार मजदुरहरूलाई कामबाट निकाले । बेकारी मजदुरहरूको संख्या झन् झन् बढेर गयो र ज्याला घट्दै गयो । एक मजदुरलाई दिनको १७ घण्टासम्म काम गराउँथ्यो । दिन-रात काम गरे पनि खानलाई मुस्किल हुन्थ्यो । ७ देखि १२ वर्षका केटाकेटीलाई समेत १२-१५ घण्टा काम गराउँथ्यो । आर्थिक संकटको बेलामा हजारौं मजदुरहरूलाई कामबाट निकाली दिन्थ्यो । निकालिएका मजदुरहरू बेकार हुन्थे । केटाकेटीहरू भोक भोकै मर्थे । मजदुरहरूले पनि आफ्नो अवस्था बुझ्न थाले । पूँजीपति वर्गको विरोधमा संगठित हुन थाले । विद्रोह गर्थे र कल-कारखानामा आगो लगाई दिन्थे । पूँजीपति वर्गको पल्टनले मजदुरहरूलाई दबाउँथ्यो । हरेक दिन मार-पिट लडाई-झगडा, धर्ना, हडताल र विरोधहरू हुन थाल्यो ।

यस्तै बेलामा सेन्ट साइमन, फ्यूरिये र रोबर्ट ओवेन जस्ता बिचारकहरूको ध्यान त्यस समाज र मजदुरहरूको अवस्थामा डुब्यो । वहाँहरू ब्यवस्थामा सुधार ल्याउन चाहनु हुन्थ्यो । वहाँहरूले पूँजीपति वर्गको मनलाई जितेर मजदुर वर्गको

अवस्थामा सुधार ल्याउने विचार गर्नुभयो । उहाँहरू अन्याय अत्याचार नभएको भोका र नांगा नभएको समाज बनाउन चाहनु हुन्थ्यो । सबैले काम गर्नु पर्ने र सबैले खान पाउने, सम्पति सबैको साझा हुने समाज बनाउन चाहनु हुन्थ्यो । मानसिक काम र शारीरिक काममा भेद हटाउन र गाँउ र शहरको भेद हटाउन चाहनु हुन्थ्यो । शोषण नभएको समाज बनाउन चाहनु हुन्थ्यो । त्यस्तो समाजलाई 'समाजवाद' भन्ने नाम राखियो । वहाँहरूले धेरै ठाउँमा स-साना समाजवादी समाजको प्रयोग पनि गरेर हेर्नु भयो । तर अन्तमा सफल हुनुभएन । १८३१ र १८३४ मा फ्रांसेली मजदुरहरूले फ्रांसको लियोन सहर कब्जा गरे । १८४४ मा जर्मनीको सिलेसियाली जुलाहा मजदुरहरूले पनि पूँजीपतिवर्गको बिरोधमा संघर्ष गरे । बेलायतका मजदुरहरूले पनि १८४२ देखि १८४८ सम्म केही मागहरू लिएर ठूल-ठूला आन्दोलन गरे । पूँजीपति वर्गले पुलिस र पल्टन पठाएर मजदुरहरूलाई दबाउँथे । संसदले अनेक नयाँ नयाँ ऐन कानून बनाएर मजदुरहरूलाई चर्को चर्को सजायँहरू दिन थाल्यो । मजदुरहरूले अब थाहा पाए कि सबभन्दा पहिले पुलिस, पल्टन, संसद, अड्डा अदालत जस्तो राजसत्ता कब्जा गर्नु पर्छ । अनि मात्र मजदुर वर्गको जीत हुन्छ । त्यस पछि मजदुर वर्गले ठाउँ ठाउँमा राजनैतिक संगठन बनाउँदै लगे ।

मजदुर आन्दोलन जर्मनी, अष्ट्रीया र इटालीसम्म फैलियो । सन् १८४७ जून महिनामा यूरोपका विभिन्न देशका मजदुर प्रतिनिधिहरूको एक ठूलो सभा भयो । त्यस सभाले 'कम्युनिष्ट लीग' नामको मजदुरहरूको एक राजनैतिक संगठनको बीउ रोप्यो । सन् १८४७ नोभेम्बर महिनामा सभाले मार्क्स र एगेल्सलाई मजदुर वर्गको एक नयाँ सिद्धान्त र कार्यक्रम तयार पार्ने जिम्मा दियो । सन् १८४८ जनवरीमै वहाँहरूले त्यस कामलाई सिध्याउनु भयो र छाप्नको निम्ति लण्डनमा पठाउनु भयो । त्यसको नाम 'कम्युनिष्ट घोषणा-पत्र' राखियो । त्यसमा 'संसारका मजदुर एक होउँ !' भन्ने नारा दिइएको थियो । मजदुर वर्ग शासक वर्गको रुपमा उठ्ने र वैज्ञानिक समाजवादलाई निर्माण गर्ने कुरो प्रष्ट लेखिएको थियो ।

उता कम्युनिष्ट घोषणा-पत्र छापिन्दै थियो । यता फ्रांसमा २२ फेब्रुअरी १८४८ मा बैंकपतिहरूको राजा फिलिपको विरोधमा विद्रोह भयो । विद्रोहमा मजदुर वर्ग मोहडामा थियो । राजा फिलिप भाग्यो । उसको गद्दी उल्टियो र गणतन्त्र घोषणा गरियो । १८ मार्च १८४८ मा बर्लिनमा पनि विद्रोह भयो । विद्रोह दबाउन सरकारले ३६ वटा तोप र १४ हजार सेना पठायो । तर मजदुरहरूले सेनासँग १३-१४ घण्टा सम्म संघर्ष गर्दै रहे । विद्रोहलाई दबाउन नसक्ने देखेपछि राजाले बर्लिनबाट सेना फिर्ता बोलाएर जनतासंग सम्झौता गऱ्यो । यो मजदुर वर्गको जीत थियो ।

जून महिनामा फ्रांसेली पूँजीपति वर्गले मजदुरहरूको काम गर्ने राष्ट्रिय ज्यासल बन्द गरिदियो । त्यसले १ लाख १३ हजार मजदुरहरू बेकार भए । मजदुर वर्गले फेरि बन्दुक उठाए र आफ्नो अधिकारको निम्ति संघर्षको मैदानमा उत्रे । त्यस संघर्षमा लाखौं मजदुरहरू मरे । २६ जूनको

दिन मजदुर वर्ग त्यस लडाईमा हारे ।

६ अक्टुवर १८४८ मा भियनामा मजदुरहरूले विद्रोह गरे । त्यस्तै यूरोपका विभिन्न भागमा मजदुर आन्दोलन अगाडि बढ्यो । १८ मार्च १८७१ मा पेरिसका मजदुरहरूले सत्ता आफ्नो हातमा लिए । २७ मई १८७१ मा पूँजीपति वर्गले त्यसलाई दबाई दियो । यसरी त्यसबेलाको ठाउँ ठाउँका मजदुर वर्गको विजय क्षणिक सफलता साबित भयो ।

त्यसबेला कार्ल मार्क्स र एँगेल्सले मजदुर वर्गको निम्ति नयाँ कुरा बताउनु भयो । उहाँहरूले इतिहास र त्यसबेलाको मजदुर आन्दोलनको रूपलाई गहिरिएर अध्ययन गर्नुभयो । आखिर सर्वहारा वर्गले राजसत्ता कब्जा गर्नेछन् र समाजवाद ल्याइछाड्ने छन् भन्ने सार निकाल्नु भयो । *पूँजीपति वर्गको मनलाई पगालेर समाजवाद आउँदैन बरु सशस्त्र संघर्ष गर्नु पर्छ भनेर सिकाउनु भयो* । १८७१ मा पेरिसमा मजदुर वर्गले राजसत्ता कब्जा गरि पहिलो चोटि मजदुर वर्गले आफ्नो सरकार स्थापना गरेको थियो । तर अनुभवको कमीले गर्दा पूँजीपति वर्गले मजदुर वर्गको सरकार "पेरिस कम्युन" लाई रगतमा डुवाई दियो । अनि मार्क्सले भन्नु भयो- "पेरिस कम्युन" अमर छ । मजदुर वर्ग मुक्त नभएसम्म पेरिस कम्युन फेरि फेरि उठ्नेछ । यसरी मार्क्स र एँगेल्सले सर्वहारा वर्गलाई समाजवाद र साम्यवादी समाजसम्म पुग्ने धेरै शिक्षा दिनु भयो । त्यहि शिक्षालाई "मार्क्सवाद" भन्दछन् ।

**समाजवाद र साम्यवादी समाज**

रूसका महान नेता लेनिन र स्टालिनले मार्क्सवादको सिद्धान्त व्यवहारमा लागू गर्नुभयो । १९१७ अक्टुबर महिनामा रूसमा क्रान्ति भयो । लेनिनले त्यस क्रान्तिको नेतृत्व गर्नु भयो र समाजवादको निर्माणको बाटो खोली दिनु भयो । स्टालिनले त्यसलाई अगाडि बढाउनु भयो ।

तर पूँजीपति वर्ग फेरि आफ्नो पूँजीवादी हुकुम कायम गर्न अनेक जाल-झेल गर्दै थिए । स्टालिनको मृत्यु पछि १९५६ सम्म रूसमा फेरी पूँजीपति वर्गले टाउको उठाउन थाल्यो । तर आज पनि रूसमा सर्वहारा वर्ग पूँजीपति वर्गको विरोधमा लड्दै छन् । रूसी पूँजीपति वर्ग फर्के पनि त्यहाँको समाजवादको बिजय र हारले संसारका सबै मजदुर वर्गले शिक्षा लिए । कम्युनिष्ट पार्टी र माउत्सेतुङ्गको नेतृत्वमा चिनीया जनताले समाजवादलाई बलियो बनाउँदै लग्यो ।

समाजवादमा सर्वहारावर्गको हुकुम चल्छ । यो मजदुर किसानको मेलमा शुरु हुन्छ । शोषक वर्गमाथि हुकुम चलाउँछ । उत्पादनका साधनहरूमा सारा जनताको समाजवादी स्वामित्व शुरू हुन्छ । समाजवादको शुरुमा स्थानीय कामदार र जनताको समाजवादी सामुहिक स्वामित्व पनि हुन्छ । हरेकलाई योग्यता अनुसार काम र काम अनुसारको ज्याला दिइनेछन् । काम नगर्नेले खान पनि पाउने छैन । साहित्य र कलाले सर्वहारा सिद्धान्तको सेवा गर्ने छ । बोल्ने, लेख्ने, सभा गर्ने संघ–संस्था खोल्ने, जुलुस र हड्ताल गर्ने स्वतन्त्रता हुन्छ । कामदार वर्गका सबै छोरा-छोरीहरूले सबै प्रकारको समान सहुलियत पाउने छन् ।

आर्थिक असमानता हट्दै जानेछ । बेकारी समस्या खत्तम हुन्छ ।

समाजवादको पूर्ण विजयको निम्ति धेरै लामो समय लाग्छ । पूँजीपति वर्गले नयाँ नयाँ किसिम र जुक्ति लगाएर समाजबादलाई उल्टाएर फेरि पूँजीवादी व्यवस्था ल्याउन खोज्ने छन् । कम्युनिष्टहरूलाई जवरजस्ती खत्तम गरेर अथवा नक्कली कम्युनिष्टहरू तयार गरेर समाजवादी देशलाई फेरि पूँजीवादी व्यवस्थामै फेर्न खोज्ने छन्, युगोस्लावाकिया र रूसमा यस्तै भएको हो । तर मजदुरवर्ग संघर्ष गर्दैछन् । ५०-६०, १०० वा २०० वर्ष सम्म पनि संघर्ष चलिरहनेछ , अथवा त्यो भन्दापनि बढी समयसम्म समाजवादको निम्ति संघर्ष हुन सक्नेछ । तर अन्तमा समाजवादकै जीत हुन्छ ।

समाजवाद पुर्णरुपले विजयी भईसके पछि त्यो समाज 'साम्यवादी समाज' मा भित्रिनेछ । साम्यवादी समाजमा वर्ग रहने छैन । वर्ग नरहेपछि वर्ग संघर्ष पनि रहने छैन । दबाउनु पर्ने वर्ग नरहेपछि राजसत्ता वा हुकुम भन्ने कुरो पनि विस्तारै सुकेर जान्छ । सम्पत्ति सारा जनताको हुनेछ । तेरो र मेरो रहने छैन । शारीरिक र मानसिक कामको भेद मेटिने छ । गाँउ र शहरको फरक हट्ने छ । मजदुर किसानको भेद मेटिने छ । हरेकले योग्यता अनुसारको काम र आवश्यकता अनुसारको ज्याला पाउने छ । सबैले समाजको निम्ति काम गर्ने छन् । त्यो समाज शोषण विहिन समाज हुनेछ ।

क्रमश...............

साभार-मानव समाजको विकाश पुस्तकबाट


## हार्दिक शुभकामना



अर्हत त्रैमासिक निरन्तर प्रकाशनको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**हनुमान हार्डवेयर**

जगाती-७, भक्तपुर, फोन नं. ९८५१००२१४६

डण्डी, सिमेन्ट, पाइप चाहिएमा हामलिाई सम्झनुहोस् ।

पुस्तक समीक्षा

# बौद्ध दर्शन र आमसञ्चारको पाँचौं शान्ति सिद्धान्त

*श्याम रिमाल*

पत्रकार बालकृष्ण चापागाईंले गत वर्ष लुम्बिनी विश्वविद्यालयबाट 'बौद्धदर्शन र सञ्चार' विषयमा विद्यावारिधि उपाधि हासिल गर्नुभयो र आफ्नो अध्ययनानुसन्धानको सामग्रीलाई सोही नामबाट कृतिका रूपमा प्रकाशन (डा. सदीक्षा चापागाईं, २०७८) मा ल्याउनुभयो ।

शाक्यमुनि बुद्धद्वारा प्रतिपादित धर्मदर्शन र त्यसले विश्वमा पारेको प्रभावका आधारमा आमसञ्चारको पाँचौं सिद्धान्तका रूपमा शान्ति सिद्धान्तको नयाँ अवधारणाको विवेचना कृतिमा गरिएको छ । बुद्ध र उनका शिक्षा, वा उपदेश वा दर्शन वा धर्मलाई अहिंसा वा शान्तिका रूपमा मात्र बुझिरहेकाले वास्तविक सिद्धान्त बुझ्न अध्ययन गर्न थाले भने जटिल र अनौठा विषय भेटाउन थाल्छन् ।

बुद्ध स्वयंले आफ्नो बुद्धत्व कठिन मानी सुरुमा आफूमा मात्र सीमित राख्न चाहेको तर कसैले उनी लोकमा मानवको उद्धार गर्न जन्मेको भनी सम्झाइदिएपछि आफ्नो ज्ञान प्रचारमा लागेको भनाइ बौद्ध साहित्यमा भेटिन्छ । पहिलोचोटि ज्ञान पाउनेले नै जटिल भनेको विषयलाई अरूले कति बुझ्ने हुन् र तिनले फेरि अरूलाई कसरी बुझाउने हुन्, भन्न गाह्रै छ । विविध विषयमा सामान्य ज्ञानमात्र राख्ने पत्रकारमाझ चापागाईंले बौद्धदर्शन वा धर्मजस्तो जटिल विषयमा प्रवेश गरी आफ्नै कार्यक्षेत्र सञ्चारसँग जोडेर पिएचडी गर्नु पत्रकारका लागि पनि गौरव र प्रेरणाको विषय हुँदै हो, राज्यसत्ताको विकासक्रमसँगै विश्वमा आमसञ्चारका पनि विभिन्न सिद्धान्तजस्तै निरङ्कुशतावादी, उदारवादी, सामाजिक उत्तरदायित्व र साम्यवादी सिद्धान्तबारे अध्ययन भइरहेका अवस्थामा आएको सञ्चारको शान्ति सिद्धान्त आमसञ्चारकर्मीका लागि पनि उत्सुकताको विषय हो ।

बौद्ध धर्म वा दर्शनका प्रचारमा पहिले बुद्ध स्वयं लागेका थिए र आफ्ना अनुयायी तयार गरी यसको प्रसारमा योगदान गरेका थिए । चतुरआर्यसत्यका रूपमा रहेका दुःख, दुःखका कारण छ, दुःख हटाउन सकिन्छ र दुःख हटाउने उपाय छन् भन्ने सिद्धान्त र दुःखलाई हटाउने आर्यअष्टाङ्गिक मार्ग (सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि अर्थात् प्रज्ञा, शील र समाधि) बुझ्न सकेमा बौद्धदर्शनको मर्म सामान्यरूपमा बुझ्न सकिन्छ । कारण र कार्य बुझाउने प्रतीत्यसमुत्पाद सिद्धान्तले भने अज्ञान वा अविद्याका कारण जन्मने तृष्णा हटाउन सके निर्वाण वा मुक्ति पाउने जनाउँछ । यस जगत्को मुख्य समस्या नै दुःख हो र त्यसमा फसिरहेका मानिसलाई उद्धार गर्न बाटो देखाइदिने गौतम बुद्ध हाम्रै भूमिमा जन्मेर एसियाका प्रकाशबाट विश्वका ज्योतिसम्म बन्न सफल भएका थिए ।

आफ्नो राजकीय भोगविलास त्यागेर संसारका मानिसको मुक्तिका लागि बाटो देखाइदिने ती शास्त्रलाई पहिले नेपालभूमि र नेपालीले बुझ्न सक्नुपर्छ र अरूलाई चिनाउन सक्नुपर्छ । पत्रकार चापागाईंले

मोटै पुस्तकबाट बुद्ध र बौद्धदर्शनबारे बुझाउन धेरै प्रयास गर्नुभएको छ । खासगरी बौद्धधर्मको प्रचारक लागि अपनाइएका बौद्धकालीन सञ्चार व्यवस्था तथा वर्तमान सञ्चार प्रणालीको प्रस्तुतिमा बौद्धदर्शन र शान्तिको विषयसँग जोडेर गर्नुपर्ने मुख्य कुरा कृतिमा उठाइएको पाइन्छ ।

बौद्धदर्शनको शाश्वत आधार भनेको दुःख हो । बौद्धदर्शनमा निहित तत्त्वहरूको लोकप्रियता र व्यापकताका निम्ति समसामयिक सञ्चारको महत्त्वपूर्ण भूमिका रह्यो, आधुनिक कालमा पनि सञ्चारको भूमिका उत्तिकै रहेको छ र भविष्यमा पनि रहिरहने छ । कृतिमा विभिन्न विद्वान्हरूका कृतिका अध्ययनबाट प्राप्त प्रामाणिक आधार, ज्ञान, शिक्षा एवम् समग्रमा पूर्वसाहित्यका रूपमा रहेका सामग्रीको प्रशस्त समीक्षा गरिएको छ । समाजमा असल विचार सञ्चारित हुँदा सभ्य समाज निर्माण भई शान्ति प्राप्त हुन्छ । विश्वमा बौद्धदर्शन मानवकल्याण र शान्तिको पथप्रदर्शकका रूपमा स्थापित छ । यसलाई जनमानसमा प्रभावकारी सञ्चार गराउन सक्दा मानिसमा सकारात्मक सोच र चिन्तनको विकास भई विश्वशान्ति स्थापना हुन सक्ने लेखकको अभिप्रायः छ ।

गौतमबुद्ध आफ्नो जीवनकालमै विश्वकल्याणकारी विचारलाई मानव समाजमा सम्प्रेषित गरी सकारात्मक प्रभाव दिन सफल भएका थिए भने महापरिनिर्वाणपछि आफ्ना शिष्य एवम् अनुयायीले उनका विचारलाई मानव समाजमा पुऱ्याएको छ । बुद्धले ज्ञान प्राप्त गरेपछि ४५ वर्षसम्म विश्वकल्याणकारी उपदेश जीवनपर्यन्त दिइरहे । उनको महापरिनिर्वाणपछि ती विचारलाई संरक्षण र संवर्द्धन गर्ने काम उनकै शिष्य र अनुयायीबाट सुरु गरियो, विभिन्न सङ्गायन (बौद्धभेला) गरिए, बौद्ध शैक्षिक प्रतिष्ठान तथा सङ्घसंस्था स्थापना गरिए ।

महापरिनिर्वाणको पहिलो वर्षमै सम्पन्न प्रथम सङ्गायनदेखि छैटौं सङ्गायन (सन् १९५६) सम्म आइपुग्दा बौद्धधर्म-दर्शनको विकास एव विश्वमा यसको प्रभाव विस्तार भएको पाइन्छ । यसको विकास र विस्तारमा मानवीय सञ्चारका तत्त्व एवं प्राचीनकालदेखि चलिआएका सञ्चारका विभिन्न तरिका एवं साधन र आधुनिक सञ्चारमाध्यमका रूपमा विकसित छापा, रेडियो, टेलिभिजन, इमेल-इन्टरनेटजस्ता नयाँ सूचना प्रविधि एवं न्यू मिडियाको प्रयोगले विश्वमा बौद्धदर्शनको प्रचारप्रसारमा तीव्रता आएको पाइन्छ ।

उनले तर्क, बुद्धि, विवेक, न्याय र प्रज्ञामा आधारित ज्ञान/उपदेश दिए र मानिसका लागि स्वतन्त्रता, सामाजिक न्याय र समानतामा जोड दिए । बौद्धदर्शनका नयाँ परिभाषाका रूपमा वैभाषिक मत, सौत्रान्तिक मत र माध्यमिक मतलगायत अनेकौं मत तथा हीनयान, महायान, बज्रयानजस्ता सम्प्रदायको पनि विकास भएको पाइन्छ । शाक्यमुनि बुद्धका शान्ति र समभावका विश्वव्यापी दृष्टिकोणको प्रचारप्रसारमा विभिन्न सञ्चारको उपयोग गरियो । जीवनपर्यन्त विश्वकल्याण र शान्तिको सन्देशबाहक बनेका गौतम बुद्ध शान्ति सञ्चारको अग्रनायकका रूपमा रहेको लेखक बताउनुहुन्छ ।

बुद्धका विचारले विश्वराजनीति, द्वन्द्व व्यवस्थापन र शान्तिका लागि प्रभाव पारेको देखिन्छ । विश्वका विभिन्न मुलुकमा बौद्ध धर्मदर्शनलाई आधार मानेर राज्य सञ्चालनका लागि मार्गदर्शनका रूपमा लिएको समेत पाइन्छ । विश्वशान्तिको कुरा आउनेबित्तिकै बुद्धका विचारको महत्त्वबारे स्वाभाविक चर्चा हुने गर्छ । संयुक्त राष्ट्र सङ्घले समेत बुद्धका विचारलाई

मार्गदर्शनका रूपमा स्वीकार गरेको पाइन्छ । विश्व-शान्तिका बारेमा विभिन्न सिद्धान्तको चर्चा, व्याख्या र विवेचना भएको पाइए पनि बौद्ध दर्शनको आलोकमा शान्तिका लागि सञ्चारले खेल्दै आएको भूमिकाबारे उच्च महत्त्वका साथ आवश्यक चर्चा र विवेचना भएको नपाइएको ठहर गरी उहाँलाई लुम्बिनी विश्वविद्यालयले सो विषयमा विद्यावारिधि गराई 'सञ्चारमा शान्ति सिद्धान्तको प्रतिपादन र औचित्य पुष्टि गराएको छ । सो सिद्धान्तले विश्वका राज्य सञ्चालकबाट सञ्चार नीति बनाउँदा र सञ्चारमाध्यममा विषयवस्तु प्रस्तुत गर्दा समाजमा शान्तिका लागि योगदान पुग्न सक्ने सूचना, समाचार र विचारलाई उच्च महत्त्वका साथ सञ्चारित गर्न आवश्यक ठानेको छ ।

लेखकले बुद्धकालमा मूलत: मौखिक सञ्चार नै सूचना, समाचार र विचार सम्प्रेषणको प्रमुख आधार रहेको तथा स्वर्णपत्र, ताम्रपत्र, शिलालेख आदि माध्यमको प्रयोग पनि भएको पाइएको जनाउँदै आफ्नो कालमा आधुनिक सञ्चारमाध्यमको विकास नभए पनि सूचना, समाचार र विचार सम्प्रेषण गर्ने विभिन्न तरिकालाई गौतम बुद्धले प्रयोग गरेका थिए । तिनमा पहिलो अन्तर्मुखी सञ्चार, दोस्रो अन्तर्वैयक्तिक सञ्चार, तेस्रो समूह सञ्चार पद्धति र चौथो धर्मसभाहरूलाई प्राचीन आमसञ्चारका रूपमा प्रयोग गरेको कृतिमा उल्लेख छ । हिंसा र द्वन्द्वग्रस्त आधुनिक विश्वमा आणविक हातहतियारको प्रयोग गरी खोजिने शान्ति असफल भइरहेका अवस्थामा वैज्ञानिक शान्ति मार्ग बौद्ध-दर्शनमा रहेको जनाउँदै आधुनिक सञ्चारमाध्यमले मानिसलाई सरल र प्रभावकारी ढङ्गले वैज्ञानिक विधि र शैलीद्वारा बौद्ध दर्शनबारे जानकारी गराई सकारात्मक प्रभाव दिन सक्दा विश्वमा शान्ति स्थापना हुने विश्वास लेखकले गर्नुभएको छ । "विश्व-शान्तिका लागि बौद्ध-दर्शन र सञ्चार परिपूरकका रूपमा रहेका छन् । यसलाई सँगै जोडेर समानरूपमा अगाडि बढाउन आवश्यक देखिन्छ । बुद्धका विचारको प्रभावकारी सञ्चार हुँदा समाजमा शान्ति स्थापना हुने देखिन्छ । ...विश्वमा देखा परेको मानव-मानवबीचको वैमनस्यताको न्यूनीकरण र नैतिक जीवनका लागि प्रेरित गर्ने गरी छापा, चलचित्र, रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट, अनलाइनका साथै पछिल्लो समयमा सूचना-प्रविधिको विकाससँगै आएका न्यु मिडियाहरूले गौतम बुद्धका विचारलाई आम जनताका बीचमा सरल र सहज ढङ्गले बुझ्ने गरी प्रचारप्रसार गर्नु आवश्यक देखिन्छ, सञ्चारमा शान्ति सिद्धान्तका प्रतिपादक एवं व्याख्याता डा. चापागाईँको सुझाव छ । आमसञ्चारमा आफ्नो नयाँ सिद्धान्तले विश्वव्यापी प्रभाव पार्ने र विश्वका विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा यसले उचित स्थान प्राप्त गर्ने विश्वास पनि लेखकको छ ।

बौद्धदर्शनका अनेक आयाम सूक्ष्म र विस्तृत चर्चाका साथ उठाइएको कृति पत्रकारका लागि सङ्ग्रहणीय त छँदै छ, बौद्धदर्शनका अध्येता र अनुसन्धाताका लागि पनि उपयोगी छ । विद्यावारिधिमा प्रक्रिया पुऱ्याउन लेखिने अनेक प्रसङ्ग अहिले कृतिका रूपमा ल्याउँदा हटाइदिएको भए धेरै पृष्ठ छोटिने कुरालाई लेखकले हेक्का राख्न सक्नुपर्थ्यो । कृतिमा अति नै पुनरुक्ति दोष छन् र वर्णविन्यासमा पनि प्रशस्तै अशुद्धि पाइन्छन् । जे होस्, यसले अन्य पत्रकारलाई पनि नेपाली भूमिबाट जन्मेको बौद्धदर्शनको अध्ययन अनुसन्धान गर्न र अरू विषयमा पनि विद्यावारिधि गर्न प्रेरणा भने अवश्य दिने छ ।

◆

# बौध्द दर्शनका ८ मार्गहरू

सम्यक दृष्टि

१) लोभ–मोहको कारण संसारमा सबैतिर दु:खै–दु:ख छ ।

सम्यक संकल्प

२) लोभ पाप र मोहबाट मुक्ति पाएपछि सबैमा प्रेम र खुशी जाग्नेछ ।

सम्यक वचन

३) साँचो बोल र सबैसँग मैत्रीभाव विकास गर ।

सम्यक कर्म

४) अरूलाई लाभ हुने अहिंसा र सदाचारमा रहनुपर्छ ।

सम्यक जीवन

५) जीवन निर्वाहमा कसैले पनि अपवित्र र भ्रष्ट उपाय प्रयोग नगर ।

सम्यक विचार

६) खराव विचारबाट मुक्ति पाउन सबैले मानसिक अभ्यास गर ।

सम्यक स्मृति

७) मावन शरीर अणुहरूले बनेको हो ।

सम्यक समाधि

८) शारीरिक बन्धन र मानसिक आशक्तिबाट उत्पन्न हुने खरावीहरूबाट टाढा रहनु

बुद्धका यी ८ वाट मार्ग वा निर्देशन पालन गर्नेहरू जुनसुकै कुलमा जन्मेको भए पनि अन्तमा निर्वाण प्राप्त गर्नेछ र सुख र शान्तिपूर्वक जिउन पाउनेछन् ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका '**अर्हत्**' त्रैमासिक को ***वार्षिक ग्राहक भई सहयोग*** गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

*साथै*

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

**भक्तपुर**

***Email : arhattraimasik@gmail.com***